# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
## २०७९

## गौमुल गाउँपालिका

### बाजुरा





**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
## २०७९

## गौमुल गाउँपालिका

बाजुरा




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

महालेखापरीक्षकको

# वार्षिक प्रतिवेदन

## २०७९

## गौमुल गाउँपालिका

बाजुरा

**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

## महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २० (२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्था बमोजिम स्थानीय तहको २०७८/७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु रहेको छ । आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

यस वर्षको लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आवश्यक कानुनहरु तर्जुमा नगरेको, तर्जुमा भएका कानुनहरु राजपत्रमा प्रकाशन नगरेको, आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय न्यून रहेको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत सोझै खरिद गरेको, प्रशासनिक खर्च बढ्दै गएको बाँकी अनुदान बर्षान्तमा फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्च गरेको लगायतका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनौट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ दरबन्दी अनुसार पदपूर्ति नभएको, दरबन्दी वेगरका कर्मचारी नियुक्ति गरेको, उपभोक्ता समितिको कार्यमा सेवा प्रवाह सहज र व्यवस्थित नभएको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिन्सी एंव सम्पत्ति अभिलेख नराखेको, सञ्चालित योजना, कार्यक्रम तथा सेवा प्रवाहको अभिलेख नराखेको, बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फर्स्योट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू आवश्यक कारवाही गरी वित्तीय अनुशासन कायम गर्नुपर्दछ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन गर्दै विशेष धन्यवाद दिन चाहन्छु।

**(टंकमणि शर्मा दंगाल)**
**महालेखापरीक्षक**

२०७९ चैत्र

**महालेखापरीक्षकको कार्यालय**
**Office of the Auditor General**
**अनामनगर, काठमाडौं, नेपाल**
Anamnagar, Kathmandu, Nepal

**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय**
(सुदूरपश्चिम प्रदेश)

पत्र संख्याः २०७९।८०
च.नं. ५५८

मितिः २०७९।१२।२९

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्षज्यू,
गौमुल गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय,
बाजुरा ।

**कैफियत सहितको राय**

हामीले गौमुल गाउँपालिकाको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।
२. लेखापरीक्षणबाट रू. ५ करोड ६१ लाख ४४ हजार बेरुजू देखिएको छ । सो सम्बन्धमा कुनै पनि प्रतिक्रिया प्राप्त नभई बाँकी बेरुजू असुल गर्नुपर्ने रू. २२ लाख ६८ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. ३ करोड ५९ लाख ९५ हजार, नियमित गर्नुपर्ने रु. १ करोड ७८ लाख २६ हजार र पेश्की रू. ५५ हजार रहेको छ । पालिकाको गतवर्ष सम्म रु. ५ करोड १४ लाख ७ हजार बेरुजू बाँकी रहेकोमा यो वर्ष कायम भएको बेरुजू समेत हालसम्मको अद्यावधिक बेरुजू रु. १० करोड ७५ लाख ५१ हजार रहेको छ । गाउँपालिकाको **बेरुजू वर्गीकरण र अद्यावधिक बेरुजू स्थितिको व्यहोरा यसैसाथ संलग्न छ ।**
३. गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्य अनुसार नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ । कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचार संहिताको पालना गरी कार्यसम्पादन गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(ताराप्रसाद पाण्डे)
नायब महालेखापरीक्षक

गौमुल गाउँपालिका, बाजुरा

## १. चालु वर्षको बेरुजू २०७८।७९

### १.१. बेरुजू बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

| प्रारम्भिक बेरुजू | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजू | | | बेरुजू | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| दफा संख्या | | | दफा संख्या | | | दफा संख्या | | | | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | असुल गर्नुपर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| ८२ | ३७ | ५६१४४ | ० | ० | ० | ८२ | ३७ | ५६१४४ | २२६८ | १७८२६ | ३५९९५ | ० | ० | ५३८२१ | ५५ |

## २. अद्यावधिक बेरुजू स्थिति २०७८।७९

(रु. हजारमा)

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्र्यौट | बाँकी बेरुजू | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजू | यो वर्षको बेरुजू | कुल बेरुजू बाँकी |
|---|---|---|---|---|---|---|---|
| गौमुल गाउँपालिका, बाजुरा | ५१४०७ | ० | ० | ५१४०७ | ० | ५६१४४ | १०७५५१ |

आर्थिक बर्षः २०७८/७९

कार्यालय र स्थान : गौमुल गाउँपालिका, बाजुरा

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | जगदिश प्रसाद भट्ट | २०७६-९-२७ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | दिलिप कुमार शाही | २०७७-४-१ | हाल सम्म कार्यरत |
| | | **बेरुजु रकम** | ५६,१४४,५०८.२७ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | ५४,४९,८१३.२३ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ३२,४१,०६,३६० | **चालु खर्च** | २१,४१,८७,०९९.६९ |
| **प्रदेश सरकारबाट अनुदान** | २,०५,३९,००० | **पूँजीगत खर्च** | १६,५१,४४,०४७.०६ |
| **राजश्व बाँडफाँट** | ४,९७,७९,२३५.६५ | **वित्तीय/अन्य व्यवस्था** | १०,६१,१९,६०८.५७ |
| **आन्तरिक आय** | २४,३६,२८७.३८ | | |
| **अन्य आय** | ८,८७,७३,२०१.०६ | | |
| **कुल आय** | ४८,५६,३४,०८४.०९ | **कुल खर्च** | ४८,५४,५०,७५५.३२ |
| **बाँकी मौज्दात** | | ३,१३,५६,९४४.१ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | **परिचय**<br><br>स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रबर्द्धन गर्न र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु गाउँपालिकाको उद्देश्य | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | रहेको छ । यस गाउँपालिका अन्तर्गत ६वडा, ३४ सभा सदस्य, ३१४.६६वर्ग किलोमिटर क्षेत्रफल तथा १०६९४ जनसंख्या रहेको छ ।<br>कार्यालयको आ.व. २०७८।७९ को प्रस्तुत आर्थिक विवरण र सो सँग सम्बन्धित आर्थिक कारोवारको कार्यालयले पेश गरेको श्रेस्ताको विस्तृत लेखापरीक्षण योजना एवम् कार्यक्रम, व्यवस्थापन प्रतिनिधित्वपत्र र आन्तरिक लेखापरीक्षण प्रतिवेदन समेतका आधारमा लेखापरीक्षण गरिएको छ । लेखापरीक्षण गर्दा जटिल प्राविधिक विषय, सिमित समय, कमजोर अभिलेख एवम् सुचनाको अपर्याप्तताको सिमा भित्र रहि लेखापरीक्षण सम्पन्न गरिएको छ । लेखापरीक्षणवाट देखिएका व्यहोराहरु निम्नानुसार छन्: | |
| २ | | | **बित्तिय व्यवस्था**<br><br>सुत्र सफ्टवेयरले तयार गरेको वित्तीय विवरण निम्नानुसार रहेको छ। | |

| प्राप्ती भुक्तानी हिसाव | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| विवरण | यस वर्ष रु. | | | | गतवर्ष रु. | | |
| | बजेट | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत/सोझै भुक्तानी | जम्मा | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत/सोझै भुक्तानी | जम्मा |
| प्राप्ती (क+ख) | ४०,९८,५१,३५७.५० | ४०,०९,६६,६८७.२५ | ४०,००,००० | ४०,४९,६६,६८७.२५ | ३६,७३,८८,२०६.५८ | ८५,००,००० | ३७,५८,८८,२०६.५८ |
| क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने) | ४०,७८,२५,६४२ | ३९,२९,७८,२४३.४५ | ४०,००,००० | ३९,६९,७८,२४३.४५ | ३५,९५,२९,०३९.९१ | ८५,००,००० | ३६,८०,२९,०३९.९१ |
| ११००० कर | ५,९२,८३,००० | ४,९८,४९,१७९.६५ | ० | ४,९८,४९,१७९.६५ | ४,३५,७२,१५०.९१ | ० | ४,३५,७२,१५०.९१ |
| १३००० अनुदान | ३४,८०,२५,३६० | ३४,०६,४५,३६० | ४०,००,००० | ३४,४६,४५,३६० | ३१,५३,८४,२५३ | ८५,००,००० | ३२,३८,८४,२५३ |
| संघीय सरकार | ३२,७४,८६,३६० | ३२,०१,०६,३६० | ४०,००,००० | ३२,४१,०६,३६० | २९,७८,२३,२५३ | ८५,००,००० | ३०,६३,२३,२५३ |
| प्रदेश सरकार | २,०५,३९,००० | २,०५,३९,००० | ० | २,०५,३९,००० | १,७५,६१,००० | ० | १,७५,६१,००० |
| १४००० अन्य राजस्व | ५,००,००० | १८,४७,३१२ | ० | १८,४७,३१२ | ४,८६,८०६ | ० | ४,८६,८०६ |
| १५००० विविध प्राप्ति | १७,२८२ | ६,३६,३९१.८० | ० | ६,३६,३९१.८० | ८५,८३० | ० | ८५,८३० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ख. अन्य प्राप्ति | २०,२५,७१५.५० | ७९,८८,४४३.८० | | ७९,८८,४४३.८० | ७८,५९,१६६.६७ | | ७८,५९,१६६.६७ |
| वितरण गर्न बाकी राजस्व | ० | ० | ० | ० | ० | ० | ० |
| कोषहरु | २०,२५,७१५.५० | २५,०५,६७५.५० | ० | २५,०५,६७५.५० | ६७,१०,९१०.६७ | ० | ६७,१०,९१०.६७ |
| धरौटी | ० | ५४,८२,७६८.३० | ० | ५४,८२,७६८.३० | ११,४८,२५६ | ० | ११,४८,२५६ |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | ० | ० | ० | ० | ० | ० | ० |
| भुक्तानी (ग+घ) | ४१,५८,५१,३५७.५० | ३७,९०,९७,२७७.५३ | ४०,००,००० | ३८,३०,९७,२७७.५३ | ३४,८५,६७,१४५.६३ | ९६,०३,९०० | ३५,८१,७१,०४५.६३ |
| ग. भुक्तानी (सञ्चित कोषबाट) | ४१,३८,२५,६४२ | ३७,५३,३१,१४६.७५ | ४०,००,००० | ३७,९३,३१,१४६.७५ | ३४,१६,६६,४६९.०५ | ९६,०३,९०० | ३५,१२,७०,३६९.०५ |
| २१००० पारिश्रमिक / सुविधा | ९,९४,११,७१२ | ८,४८,०९,१८७.७७ | ४,००,००० | ८,५२,०९,१८७.७७ | ८,६६,२३,६८७.५० | ७,४२,०२४.६६ | ८,७३,६५,७१२.१६ |
| २२००० मालसामान तथा सेवाको उपयोग | ११,५५,९९,२१७ | १०,८५,४४,५०६.९२ | २,४१,२६६ | १०,८७,८५,७७२.९२ | ११,१४,४५,९३८.९७ | ४०,७१,८७५.३४ | ११,५५,१७,८१४.३१ |
| २५००० सहायता (Subsidy) | १,०२,६३,००० | ९८,२६,९४१ | ० | ९८,२६,९४१ | २,४५,३१,००० | ० | २,४५,३१,००० |
| २६००० अनुदान | ० | ० | ० | ० | ० | ० | ० |
| २७००० सामाजिक सुरक्षा | १,०१,६४,३५३ | ९५,६६,१९८ | ० | ९५,६६,१९८ | २९,१५,१३५.६० | ० | २९,१५,१३५.६० |
| २८००० अन्य खर्च | ८,१०,००० | ७,९९,००० | ० | ७,९९,००० | ११,९३,००० | ० | ११,९३,००० |
| ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | १७,७५,७७,३६० | १६,१७,८५,३१३.०६ | ३३,५८,७३४ | १६,५१,४४,०४७.०६ | ११,४९,५७,७०६.९८ | ४७,९०,००० | ११,९७,४७,७०६.९८ |
| घ. अन्य भूक्तानी | २०,२५,७१५.५० | ३७,६६,१३०.७८ | | ३७,६६,१३०.७८ | ३४,८५,६७,१४५.६३ | ९६,०३,९०० | ३५,८१,७१,०४५.६३ |
| कोषहरु | २०,२५,७१५.५० | १८,९४,६०० | ० | १८,९४,६०० | ६२,२१,८४३.५८ | ० | ६२,२१,८४३.५८ |
| धरौटी | ० | १८,७५,६१४.७८ | ० | १८,७५,६१४.७८ | ६,७८,८३३ | ० | ६,७८,८३३ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | ० | ० | ० | ० | ० | ० | ० |
| कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | | -४,०८४ | | -४,०८४ | | | |
| ङ. यो वर्षको बचत (न्युन) | (६०,००,०००) | २,१८,६९,४०९.७२ | | २,१८,६९,४०९.७२ | १,८८,२१,०६०.९५ | (११,०३,९००) | १,७७,१७,१६०.९५ |
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | ९०,९६,१४९.८० | | ९०,९६,१४९.८० | १,३२,०३,१८१.२७ | | १,३२,०३,१८१.२७ |
| वर्षान्तको बाकी रकम (ङ + च) | (६०,००,०००) | ३,०९,६५,५५९.५२ | | ३,०९,६५,५५९.५२ | ३,२०,२४,२४२.२२ | (११,०३,९००) | ३,०९,२०,३४२.२२ |
| | | | | | | | |
| बैंक तथा नगद बाकी | | ३,२०,५१,५५७.४७ | | ३,२०,५१,५५७.४७ | २,५९,७३,३०२.५७ | | २,५९,७३,३०२.५७ |

कार्यालयले तयार गरेको आय व्यय र सूत्र प्रणालीबाट तयार आम्दानी खर्चको विवरण अनुसार देहायको कैफियत देखिएका छन् ।

क) सुत्र प्रणाली अनुसारको प्राप्ति भुक्तानी हिसाव अनुसार २०७८ आषाढ मसान्तको मौज्दात रु २,५९,७३,३०२.५७ रहेकोमा यो वर्ष २०७८ श्रावणको शुरु मौज्दात जिम्मेवारी रु ९०,९६,१४९.८०सारेकोले रु १६८७७१५३।५७घटी जिम्मेवारी सारेको देखिएको कारण उल्लेख नगरेकोले एकिन गर्नु पर्दछ ।

ख) एकिकृत आय व्यय विवरणमा यस बर्षको कुल आय रु ४८५६३४०८४।०९ रहेकोमा सुत्र प्रणालीको प्राप्ति तथा भुक्तानीको विवरणमा आफैले गरेको प्राप्ति कोलम अनुसार रु ४०,४९,६६,६८७.२५ देखाएकोले कार्यालयको आम्दानीमा रु ८०६६७३९६।८४ फरक परेकोले एकिन गर्नुपर्दछ।

ग) कार्यालयले तयार गरेको आय-व्यय विवरण अनुसार यस बर्षको बाँकी मौज्दात रु ३१३५६९४४।१० रहेकोमा सुत्र सफ्टवेयरबाट जारी प्रतिवेदनमा बर्षान्तको बाँकी मौज्दात रकम रु ३,२०,५१,५५७.४७ रहेकोले रु ६९४६१३।३७ फरक परेको छ। यस सम्बन्धमा कार्यालयले एकिन गर्नुपर्दछ।

घ ) पालिकामा प्राप्त हुने सबै प्रकारका अनुदान तथा सहयोग रकम सुत्र प्रणालीमा समावेश गर्नुपर्नेमा यस बर्ष अन्तरसरकारी अख्तियारीबाट रु ७०८१२४४८।६९ प्राप्त भई खर्च भएकोमा सुत्र प्रणालीमा समावेश गरेको छैन। गाउँपालिकामा प्राप्त हुने सबै प्रकारका रकम अनुदान सुत्र प्रणालीमा आम्दानी जनाई खर्च गरिनु पर्दछ

| | | | | |
|---|---|---|---|---|
| ३ | | | **मर्मत आदेश -** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ५१ वमोजिम सरकारी जिन्सी मालसामान हानी नोक्सानी नहुने गरि संरक्षण गर्ने र तिनीहरुको राम्रो सम्भार गरी वा चालु अवस्थामा राख्ने उत्तरदायित्व सम्वन्धित कार्यालय प्रमुखको हुने उल्लेख छ। सोही वमोजिम कार्यालयमा रहेको चल्ती जिन्सी मालसामान मर्मत गर्नुपर्ने भएमा कार्यालय प्रमुखबाट मर्मत आदेश स्वीकृत गराई मर्मत गराई खर्च लेख्ने र सोको मर्मत अभिलेख तयार गरी राख्नुपर्दछ । पालिकाले मर्मत खर्च भक्तानी गर्दा केही खर्चमा मर्मत आदेश र मर्मत म.ले.प.फा.नं. २ तयार नगरी सवारी साधन मर्मत रु. ६,३८,६७६। र मेशिनरी तथा औजार मर्मत संभार रु. ५,६५,६५२। समेत रु. १६,२९,३२५। खर्च लेखेको छ । नियमको पालना तर्फ कार्यालयको ध्यान जानुपर्दछ । | |
| ४ | | | **धरौटी श्रेस्ता अद्यावधिक नभएको -**<br><br>धरौटी श्रेस्ता अद्यावधिक नभएको: आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ६८ (१) प्रत्येक कार्यालय प्रमुखले आफ्नो कार्यालयको धरौटी खातामा जम्मा भएको धरौटी रकमको कारोवारको लेखा अनुसूची—१० बमोजिमको ढाँचामा गोश्वारा धरौटी खाता र अनुसूची—११ बमोजिमको ढाँचामा व्यक्तिगत धरौटी खाता अद्यावधिक गरी राख्नु पर्नेछ । धरौटी रकमको छुट्टै बैङ्क नगदी किताब समेत राखी प्रत्येक वर्ष जिम्मेवारी सार्नु पर्ने, प्रत्येक कार्यालयले आफ्नो कार्यालयको धरौटी खातामा जम्मा भएको धरौटीको मास्केवारी महिना भुक्तान भएको मितिले सात दिनभित्र र धरौटीको आर्थिक विवरण आर्थिक वर्ष समाप्त भएको पैतीस दिन भित्र सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालय र सम्बन्धित मन्त्रालय वा विभागमा पठाउनु पर्ने व्यवस्था भएकोमा कार्यालयले धरौटीको खाता अद्यावधिक गरेको देखिएन ।यस तर्फ कार्यालयको ध्यान जानु पर्ने देखिन्छ । | |
| ५ | | | **चौमासिक खर्च -**<br><br>आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ । | |

| | कुल खर्च | चौमासिक खर्च (रु हजारमा) |
|---|---|---|

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| बजेट उपशिर्षक | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेश्रो चौमासिक | आषाढ महिना |
|---|---|---|---|---|---|
| **चालु खर्चतर्फ** | २१४१८७ | ५१२३८ | ७३०४८ | ८९९०१ | ३३८८६ |
| **पूँजिगत खर्चतर्फ** | 1६५१४४ | ४६६७ | ४३६९७ | ११६७८० | ६६५९५ |
| **जम्मा** | **३७९३३१** | **५५९०५** | **११६७४५** | **२०६६८१** | **१००८४५** |
| प्रतिशत | | **१४.७३** | **३०.७७** | **५४.४९** | **२६.५८** |

गाउँपालिकाले उपलब्ध गराएको विवरणअनुसार बार्षिक रु. ३७ करोड ९३ लाख ३१ हजार निकासा भएकोमा प्रथम चौमासिकमा रु. ५ करोड ५९ लाख ५ हजार अर्थात १४.७३ प्रतिशत, दोश्रो चौमासिकमा रु. ११ करोड ६७ लाख ४५ हजार अर्थात ३०.७७ प्रतिशत र तेश्रो चौमासिकमा रु.२० करोड ६६ लाख ८१ हजार, अर्थात ५४.४९ प्रतिशत खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु.१० करोड ८ लाख ४५ हजार अर्थात २६.५८ प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च ब्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ ।

६

**क्षेत्रगत बजेट र खर्चको स्थिति -**

यस गाउँपालिकाको २०७८।८९ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| क्र.स | क्षेत्र | बजेट | खर्च | कुल खर्चको अनुपातमा खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ४,२४,९३,००० | ३,९३,३१,२६० | १०.३६ |
| २ | पूर्वाधार विकास | २,३८,८४,३६० | २,१४,४४,१७२ | ५.६६ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | (table continued below) | |

| | | | | |
|---|---|---|---|---|
| ३ | सामाजिक विकास | १८,७७,२४,००० | १७,५०,५९,५२३ | ४६.१५ |
| ४ | सुशासनअन्तर सम्बन्धित क्षेत्र | १७,००,००० | १६,००,८९२ | ०.४३ |
| ५ | कार्यालय सञ्चालन तथा प्रशासनिक | १५,८०,२४,२८२ | १४,१८,९५,२९९ | ३७.४० |
| ६ | वातावरण तथा विकास | ०-०० | ०-०० | ०.०० |
| | जम्मा खर्च | ४१,३८,२५,६४२ | ३७,९३,३१,१४६ | १००.०० |

उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सबैभन्दा बढी सामाजिक विकासमा र ४६.१५ प्रतिशत खर्च गरेको छ भने वातावरण तथा विकासमा बजेट विनियोजन गरी खर्च गरेको छैन ।

७

**लक्ष्य प्रगति -**

कार्यालयको चौमासिक प्रगती विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला स्तरिय तथा केन्द्रिय स्तरियका ६६९ योजनाको नियम बमोजिमको उल्लेखित ढाँचामा चौमासिक प्रगती विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा बार्षिक प्रगति तयार नगर्ने कार्यकारी, प्राविधिक कर्मचारीलाई जिम्मेवार बनाउनु पर्दछ ।

| **कार्यक्रम/योजना** | **कुल कार्यक्रम** | **वार्षिक प्रगति स्थिती** | | | |
|---|---|---|---|---|---|
| | | **शून्य प्रगती** | **२५%सम्म प्रगति** | **५०% सम्म प्रगति** | **७५% सम्म प्रगति** |
| **कार्यक्रम संख्या** | ९४ | ७ | ० | ७ | ८० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | रकम (हजारमा) \| ३७९३३१ \| \| \| \| \| | |
| ८ | | | **अनुदान फिर्ताः** संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने सशर्त तर्फका कार्यक्रमको वर्षभरी खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । प्राप्त विवरण (सुत्रको अनुसूची १२ र २१) अनुसार २०७९ असार मसान्तमा देहायबमोजिमको अनुदान खर्च नभई बाँकी रहेकोमा रु १,६९,९८,५७१।०० सो रकम कार्यालयले फिर्ता गरेको छ। | |
| ९ | | | **बजेट तथा कार्यक्रम**<br><br>पालिकाको बजेट तर्जुमा तथा कार्यक्रम सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन् | |
| ९.१ | | | **अवण्डा**– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ अनुसार बजेट पेश गर्ने र पारित गर्ने सम्बन्धी व्यवस्था छ। उक्त व्यवस्था विपरीत यसवर्ष पालिकाले भैपरी आउने पूँजीगत शीर्षकमा रु. ६०,००,०००।, स्वास्थ्य कार्यक्रममा रु २० लाख समेत रु ८० लाख अवण्डा विनियोजन गरेको देखियो । सभामा कार्यक्रम तथा बजेट पेश गरी स्वीकृत गराई खर्च गर्नुपर्नेमा सो नगरी खर्च लेखेकोले यसमा सुधार हुनुपर्दछ । | |
| ९.२ | | | **राजश्व परामर्श —** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६५(२) मा राजश्व परामर्श समितिले राजश्व सम्बन्धी नीति तथा कानूनको तर्जुमा, संशोधन परिमार्जन सम्बन्धमा आवश्यक परामर्श दिने, स्रोत दायरा र दरसमेको विश्लेषण गरी आर्थिक वर्षमा प्राप्त हुन सक्ने राजश्वको अनुमान गर्ने, राजश्व प्रशासन सुधारको लागि आवश्यक परामर्श दिने लगायतको कार्य गर्नुपर्ने व्यवस्था गरेको छ । राजश्व परामर्श समितिको बैठक २०७७ , जेठ १६ र १७ तथा असार ५ र ६ मा बसेको छ । राजश्वका दर, क्षेत्र र अनुमानित राजश्व आय बजेट तर्जुमा समतिलाई सिफारीस गर्नुपर्नेमा सो नगरी सभामा राजश्वको दर मात्र सिफारीस गरेको छ । बजेट कितावमा अनुमानित राजश्व आय पेश गरे पनि राजश्व बढाउने तर्फ ध्यान दिएको देखिएन यसमा सुधार हुनुपर्दछ । | |
| ९.३ | | | **बजेट तर्जुमा —** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(२) मा बजेट तथा कार्यक्रम तर्जुमा समितिले आयको प्रक्षेपण, वितरणको खाका तथा कार्यक्रम तर्जुमा गर्दा बजेट तथा कार्यक्रमको प्राथमिकिकरण, क्षेत्रगत रुपमा छलफल गरी अन्तिम प्रस्ताव तयार गर्ने, कार्यक्रममा दोहोरोपना आउन नदिने लगायतका कार्य गर्नुपर्दछ । गाउँपालिकाले बजेट तर्जुमा समिति गठन गरी बजेट तयार गरेको देखिएन । श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले तय गरेको बजेट सिलङ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | रु ३२८८९२०००। बरावरनै बजेट पारित गरेकोले बजेट तर्जुमा प्रक्रियमा पर्याप्त ध्यान पुगेको देखिएन । यथार्थपरक बजेट तर्जुमा गर्ने तर्फ पालिकाको ध्यान जानु जरुरी छ । | |
| ९.४ | | | **बजेट पेश, पारित र अख्तियारी** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । पालिकाले मिति २०७८।३।१० मा रु. ३२ करोड ८८ लाख ९२ हजारको बजेट सभा समक्ष पेश गरी सोहि दिन पारित गरेकोमा मिति उल्लेख नगरी पारित बजेट भन्दा रु ५१७३६८६३।५६ बढी अर्थात रु ३८०६२८८६३।५६ प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको छ । कानूनले तोकेको समयमा आय र व्ययको अनुमान पेश गरी पारित गर्ने र पारित वजेट अनुसारकै अख्तियारी दिनेतर्फ ध्यान दिनुपर्दछ । | |
| ९.५ | | | स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा २४ मा बमोजिम आवधिक योजना, मध्यमकालिन, दीर्घकालीन विकास योजना, आयोजनाको प्राथमिकिकरण गरी नेपाल सरकार र प्रदेश सरकारको नीति , लक्ष्य र प्रक्रिया तथा दिगो विकास लक्ष्यको आन्तरिकिकरण र सामजस्यता गर्नु पर्दछ । कार्यालयले आवधिक योजना, मध्यमकालिन, दीर्घकालीन विकास योजना, आयोजनाको प्राथमिकिकरण गरेको तथा नेपाल सरकार र प्रदेश सरकारको नीति लक्ष्य तथा दिगो विकासको लक्ष्य बमोजमि योजनाहरु आन्तरीकिकरण गरेको देखिएन । यसमा सुधार हुनुपर्दछ । | |
| ९.६ | | | **रकमान्तर** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७९ रकमान्तर सम्बन्धी व्यवस्था रकमान्तर सम्बन्धी विवरण माग भएकोमा लेखापरीक्षणमा पेश भएन । कानून वमोजिम रकमान्तर गर्ने र सो को अद्यावधिक विवरण राख्ने तर्फ कार्यालयको ध्यान जानु पर्दछ । | |
| ९.७ | | | कार्यालयले चौमासिक र बार्षिक प्रगति विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, प्रदेश स्तर, जिल्ला स्तर तथा केन्द्रिय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा चौमासिक प्रगति विवरण तयार गरेको छैन । नियम बमोजिमको ढाँचामा चौमासिक प्रगति विवरण तयार तयार गर्ने तर्फ पालिकाको ध्यान जानु पर्दछ । | |
| १० | | | **वित्तीय विवरण परीक्षण**<br><br>कार्यालयको आर्थिक विवरण परीक्षण गर्दा देखिएका व्यहोराहरु निम्नानुसार छन | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १०.१ | | | **सञ्चित कोष आम्दानी नजनाएको**– स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६९ मा सञ्चित कोष रहने र जुनसुकै रकम सञ्चितकोषमा आम्दानी जनाएर खर्च खातामा ट्रान्सफर गरी खर्च गर्न पाईने व्यवस्था छ । कार्यालयले सञ्चित कोषमा आम्दानी बाँध्दा आम्दानी बाँध्न छुट भएको रकम मासिक रुपमा बैक हिसाव मिलान विवरण तयार गरी खाता अद्यावधिक गर्नुपर्नेमा नगरेको तथा आर्थिक वर्षको अन्त्यमा खर्च खातामा मौज्दात रहेको रहेको रकम फ्रिज गर्न खर्च खाता शुन्य बनाए पनि संचित कोषमा आम्दानी नवाँधेको राजश्व बाँडफाँड खातामा रु ८४०९७०।६८ मौज्दात रहेको आन्तरिक राजश्व खातामा ३१६१४७। रहेकोले सञ्चित कोषमा मौज्दात रहने रकम यकिन गर्न सकिएन । अद्यावधिक हिसाव राख्ने तर्फ कार्यालयको ध्यान जानु पर्दछ । | |
| १०.२ | | | **खाता फ्रिज नगरेको**– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७५ मा एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्त्यमा स्थानीय सञ्चित कोषमा स्वतः फिर्ता हुने व्यवस्था छ । कार्यालयले आर्थिक वर्षको अन्त्यमा चालु खर्च खाताहरुमा रु. १,६1,0८,५२२।७५ र पूँजीगत खर्च खाताहरुमा रु. ४०,३९,१०६।९४ समेत रु. २,०१,४७,६२९।69 खर्च नभई खर्च खातामै मौज्दात रहेको छ । ऐनको प्रावधान अनुसार आर्थिक वर्षको अन्त्यमा खर्च खातामा मौज्दात रहेको रकम स्थानीय सञ्चित कोष फिर्ता हुनुपर्दछ । | |
| १०.३ | | | **घटी जिम्मेवारी सारेको**– सञ्चितकोषमा गतवर्षको अन्तमा रहेको मौज्दात यस वर्ष जिम्मेवारी सार्दा मौज्दात बरावरनै सार्नु पर्दछ । कार्यालयको गतवर्षको लेखापरीक्षण प्रतिवेदन अनुसार सञ्चित कोष मौज्दात रु.५५,२८,०२४। रहेकोमा कार्यालयले तयार गरेको मेनुअल आयव्यय विवरणमा रु. ५४४९८१३।२३ मात्र जिम्मेवारी सारेकोले रु ७८२१०।७७ घटी जिम्मेवारी सारेको देखियो घटि जिम्मेवारी सारेको रु | ७८,२११ |
| १०.४ | | | **बैंक हिसाव मिलान**– आर्थिक बर्षको अन्त्यमा सञ्चित कोषमा रहेको रकम र बैंकमा रहेको हिसाव फरक परेमा बैंक हिसाव मिलान विवरण तयार गर्नु पर्दछ । कार्यलयले आर्थिक वर्षको अन्त्यमा खर्च खातामा मौज्दात रहेको रहेको रकम फ्रिज गर्न खर्च खाता शुन्य बनाए पनि संचित कोषमा आम्दानी नवाँधेको रु. २१००८१८०।०५ र सञ्चित कोषमा मौज्दात रु ११३९२८५८।८८ समेत आर्थिक वर्षको अन्त्यमा रु ३२४०१०३८।९३ रहेको देखिन्छ भने कार्यालयको कुमारी बैक घट्मुना शाखामा चालु पूँजीगत र सञ्चित कोष तर्फ २०७९ असार मसान्तको बैंक स्टेटमेन्ट अनुसार रु २२०५६७८५।८८ रहेको देखिन्छ । सञ्चित कोषमा हुने सवै आम्दानी र खर्चको अद्यावधिक हिसाव नराखेको तथा बैंक हिसाव मिलान विवरण तयार नगरेकोले कार्यालयको आयव्यय यथार्थपरक छ भनी आश्वस्त हुन सकिएन । कार्यालयले यस सम्बन्धमा यकिन गर्नु पर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १०.५ | | | **आय व्यय भिडान नभएको** – कार्यालयकले तयार गरेको मेनुअल एकिकृत आय-व्यय विवरणको आय तर्फको जम्मा रकम र व्यय तर्फको जम्मा रकम बराबर हुनुपर्दछ । कार्यालयले पेश गरेको एकिकृत आय-व्यय विवरण अनुसार आय तर्फ रु.४८५६३४०८४।०९ र व्यय तर्फ रु. ४८५४५०७५५।३२ खर्च भएको विवरण पेश गरेको छ । जस अनुसार आम्दानी भन्दा रु. १८३३२८।७७ घटी खर्च देखिएको छ । यस सम्बन्धमा हिसाव यकिन गरी हिसाब मिलान हुनुपर्ने रु | १८३,३२९ |
| १०.६ | | | स्थानीय तहमा प्राप्त हुने सामाजिक सुरक्षा तथा संरक्षण कार्यक्रम, पूर्वाधार विकास साझेदारी कार्यक्रम, लगायतलाई समेटी समावेश गरी वित्तीय प्रतिवेदन (म.ले.प.फा.न. २७२ ) तयार गरेको छैन । सवै कारोवारलाई वित्तीय प्रतिवेदनमा समावेश गरिनु पर्दछ । | |
| १०.७ | | | **सञ्चित कोषको चौमासिक विवरण** - स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६(५) मा गाउँपालिकाले स्थानीय सञ्चित कोषमा भएको आय व्ययको चौमासिक शीर्षगत विवरण तयार गरी संघीय अर्थ मन्त्रालय, प्रदेश अर्थ मन्त्रालय, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगमा पठाउनुपर्ने व्यवस्था रहेको छ । गाउँपालिकाले यो वर्ष सञ्चित कोषको चौमासिक हिसाव तालुक निकायमा पठाएको देखिएन। तहगत अनुगमन व्यवस्थालाई क्रियाशील बनाउन कानून बमोजिम विवरणहरु तालुक निकायमा पठाउनु पर्दछ । | |
| ११ | | | **आयोजनाको अनुगमन :**<br><br>**आयोजना अनुगमन** :- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ८१ मा कार्यालयले आफ्नो कामको प्रकृति अनुसार खर्चलाई मितव्ययी एवं कामलाई गुणस्तरिय बनाउन आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले प्रायजसो वडास्तरिय कार्यक्रममा वडा अध्यक्ष र गाउँस्तरिय कार्यक्रमको वडा अध्यक्ष एवं उप प्रमुखको अध्यक्षतामा रहेको गाउँस्तरिय अनुगमन समितिबाट अनुगमन गराई भुक्तानीको लागि सिफारिस गर्ने गरेको देखियो । अनुगमन बाट यतिखर्चमा बनेको आयोजना अनुगमन भनी उल्लेख गरेतापनि योजनाका कमि कमजोरी उल्लेख गर्ने गरेको देखिएन । आयोजनामा कमि कमजोरी वा गुणस्तरसम्बन्धी प्रश्न उठेमा त्यस्को जिम्मेवारी उपभोक्ता समिति, प्राविधिक, अनुगमनकर्ता एवं भुक्तानीको लागि सिफारिस गर्ने पदाधिकारीलाई बनाउनु पर्ने देखिन्छ ।साथै अनुगमन गर्दा मापनिय सूचक सहितको फारामहरुको प्रयोग गरी आयोजना अनुगमनलाई थप प्रभावकारी बनाइनुपर्दछ । | |
| १२ | | | **आयोजनाको गुणस्तर :** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | **आयोजनाको गुणस्तरः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ताले आफुले लिएको काम गुणस्तरिय बनाउन त्यस्को प्राविधिक नापजाँच प्राविधिकबाट गराई सार्वजनिक निकायबाट अनुगमन गराउनु पर्ने व्यवस्था छ । पालिकाले आयोजना कार्यान्वय गर्दा कतिपय भवन, खानेपानी, सिचाइ जस्ता संरचनाहरुमा निश्चित अशको लागि मात्रै रकम विनियोजन गरी काम गराउदा त्यस्ता संरचना लामो समयसम्म पूर्ण नहुने, वातावरणीय प्रभाव लगायतको कारणले गुणस्तरमा ह्रास आउन सक्ने सम्भावना रहन्छ । त्यस्तै पालिकाले उपभोक्ता समितिबाट काम भएका सबै प्रकृतिका आयोजनामा गुणस्तर परीक्षण अनिवार्य गरेको पाइएन । तसर्थ आयोजना एकैपटक पूर्ण रुपमा सम्पन्न हुने गरी र सबै आयोजनाको प्रत्यक चरणमा गुणस्तर परीक्षण अनिवार्य गर्ने व्यवस्था गरी आयोजना व्यवस्थापनलाई प्रभावकारी बनाइनुपर्दछ । | |
| १३ | | | **कल्याण कोष -**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाइपाइ आएको मासिक तलबबाट १० % रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । यो वर्ष पालिकाले कर्मचारी कल्याण कोषमा रकम ट्रान्सफर गरेको छैन । कोष सञ्चालनसम्बन्धी कानूनी व्यवस्था गरी कर्मचारी कल्याण कोषको व्यवस्था गर्नुपर्दछ । | |
| १४ | | | **कर्मचारी करार —**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । गाउँपालिकाले स्वयमसेवक शिक्षक १० जना र स्वास्थ्य संस्थासमेतमा ८५ जना कर्मचारीहरु करारमा राखि रु २५०७८८६८.०० खर्च लेखेको छ । त्यसैगरी सोही ऐनको २०७४ को दफा ८३(८) वमोजिम पालिकाले गाउँ प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्ट्रिसियन, चौकिदार, मालि, बगैंचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ। स्थानीय तहले माथि उल्लेखित पद वाहेकको डोजर चालक तथा सहचालक २जना, मदिरा व्यवस्थापक (तथ्याँङ्क संकलक), कार्यक्रम अधिकृत( संयोजक) लगायतका पदमा करार नियुक्ति गरी रु १७३७७९०.० भुक्तानी गरेको अनियमित दिखएको रु.<br><br>\| क्रम \| कर्मचारीको नाम \| रकम \| | १,७३७,७९० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | १४.१ \| करारका कर्मचारी \| १७,३७,७९० | |
| १५ | | | **प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापन —**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ। गाउँपालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ४० दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म २२ (करार बाहेक) जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रमुख प्रशासकीय अधिकृत, जनस्वास्थ्य अधिकृत सहित १८ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ ।तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ । | |
| १६ | | | **तलवी प्रतिवेदन-**<br><br>निजामती सेवा ऐन, २०४९ को दफा ६(ख२) अनुसार कार्यालयले जिल्ला स्थित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट कार्यालयबाट कार्यालयका कर्मचारीहरुको तलवी प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता खर्च लेख्नुपर्ने व्यवस्था छ । यस वर्ष कार्यालयले कर्मचारी तलव भत्तामा रु.१,६०,९३,४८३। खर्च लेखेकोमा तलवी प्रतिवेदन पारित नभएकोले तलव र ग्रेड भिडान गर्न सकिएन । ऐनको व्यवस्था पालना गरी तलवी प्रतिवेदन पारित गराई तलव भत्ता खर्च गर्नुपर्दछ । | |
| १७ | | | **आन्तरिक आय-**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७८/७९ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।<br><br>केन्द्रिय अनुदानबाट खर्च \| आन्तरिक आय \| आन्तरिक आय प्रतिशत | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>३७९३३१०००</td><td>९९४१२६</td><td>०.२६</td></tr>
</table>
उपरोक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ०.२६ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय संकलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।
</td><td></td></tr>
<tr><td>१८</td><td></td><td></td><td>
आय अनुमान र असुली स्थिति -<br><br>
स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।
<table>
<tr><th>सि.नं</th><th>आय शीर्षक</th><th>अनुमान</th><th>असुली</th><th>असुली प्रतिशत</th></tr>
<tr><td>१</td><td>एकीकृत सम्पत्ती कर तथा घरजग्गा कर</td><td>२०००००.०</td><td>६९९४४.००</td><td>३५</td></tr>
<tr><td>२</td><td>घरबहाल कर</td><td>०.००</td><td>०.००</td><td>०.००</td></tr>
<tr><td>३</td><td>अन्य प्रशासनिक सेवा शुल्क</td><td>२०००००.०</td><td>१४६२००.०</td><td>७३</td></tr>
<tr><td>४</td><td>सिफारिस दस्तुर</td><td>१०००००.०</td><td>३४४५८२.०</td><td>३४५</td></tr>
<tr><td>५</td><td>नाता प्रमाणित</td><td>५००००.०</td><td>०.००</td><td>०.००</td></tr>
<tr><td>६</td><td>प्रशासनिक अन्य दण्ड जरिवाना</td><td>१५००००.०</td><td>३०२३९९.२०</td><td>२०२</td></tr>
<tr><td>७</td><td>बेरुजु</td><td>१७२८२.०</td><td>११४०७०.०</td><td>६६०</td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table><tr><td></td><td>जम्मा</td><td>७१७२८२.००</td><td>९७७१९५.२०</td><td></td></tr></table>गाउँपालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन । तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ ।</td><td></td></tr>
<tr><td>१९</td><td></td><td></td><td>राजस्व अभिलेख -<br><br>कार्यालयले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ ।गाउँपालिकाबाट रसिद ठेलिहरु छपाई गरेर वडा कार्यालयमा पठाउने गरेकोमा सोको पुरा अभिलेख गाउँपालिकामा आएको देखिएन । अघिल्लो आ.व.को बाँकी के कति रसिद छन यकिन गर्न सकिएन । कार्यालयबाट सवै वडाहरुमा पनि स्वचालित प्रणालि जडान गरी राजस्व संकलन गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ । यसले गर्दा व्यक्तिहरुले छुट्टै रसिद छपाउने जोखिम विद्यमान रहन्छ । यसको सम्बन्धमा तहाँ कार्यालयबाटै छानविन गर्नुपर्दछ । अतः कार्यलयले आगामी दिनमा रसिद नियन्त्रण तथा राजश्व असूलीलाई स्वचालित प्रणाली मार्फत ब्यवस्थापन सम्बन्धमा विशेष ध्यान पुर्‍याउनुपर्ने देखियो ।</td><td></td></tr>
<tr><td>२०</td><td></td><td></td><td>रसिद नियन्त्रण खाता नरहेको -<br><br>रसिद नियन्त्रण खाता नरहेकोः गाउँपालिकाले आफ्नो क्षेत्रभित्र लगाएको विभिन्न करहरुको सिफारिस दस्तुरको लागि प्रयोग गरिने नगदी रसिदको रसिद नियन्त्रण खाता अद्यावधिक गरी राख्नुपर्दछ ।गत वर्षको मौज्दात,यो वर्षको आय,यो वर्षको खर्च र बाँकी जिम्मेवारी देखिने गरी नगदी रसिदको खाता तयार गर्नपर्नेमा सो खाता तयार गरेको छैन । आ.व. को अन्तमा फिर्ता गर्नुपर्ने कतिपय रसिद ठेलीहरु फिर्ता आएको छैन । आम्दानीतर्फ प्रयोग गरिने रसिद ठेलीको आय एकिन गरी बैंक जम्मा विवरण राखी श्रेस्ता अद्यावधिक गर्नुपर्नेमा गाउँपालिकाले रसिद नियन्त्रण खाता नराखेको कारण एकिन हुन सकेन । राजश्व दाखिला : आर्थिक कार्यबिधि नियमावली २०६४ को नियम ९ (६) बमोजिम जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगद सोही दिन दाखिला गरी स्रेस्ता खडा गर्नु पर्ने व्यवस्था छ । साथै सोही ऐन अनुसार तोकिएको समयमा राजश्व रकम दाखिला नगरेमा सम्वन्धित तालुक कार्यालयले १० दिन सम्म ढिला गरेको भए १० प्रतिशत, १५ दिन सम्म ढिला गरेको भए १५ प्रतिशत जरिवाना गरी सो समेत दाखिला गर्न लगाउने र १५ दिन भन्दा ढिलो गरेको भए २५ प्रतिशत जरिवाना गरी नगद दाखिला गर्न लगाई कसूरको मात्रा अनुसार प्रचलित कानून बमोजिम बिभागीय कारवाही समेत गर्न गराउन सक्ने व्यवस्था छ । पालिका अन्तर्गत ६ वटा वडा र पालिकामा प्राप्त गरेको राजश्व रकम ऐनमा भएको</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | व्यवस्था अनुसार तोकिएको अवधि भित्र दाखिला गरेको छैन । यसरी ढिला हुने गरी राजश्व रकम बैक दाखिला भएको अवधिको कार्यालयले छानविन गरी, जरिवाना रकम असुल गर्नुपर्ने देखिन्छ । कार्यालयले सम्पूर्ण वडा कार्यालयहरुले प्राप्त गरेको आन्तरिक राजश्व रकम र बैकमा दाखिला गरेको विवरणमा कार्यालयले विशेष ध्यान दिनुपर्दछ । | |
| २१ | | | **आयको अनुमान -**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले गाउँपालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । गाउँपालिकाले पेश गरेको आय–व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु ७१७२८२.०० आय प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७८/७९ मा रु ९९४१२६।०० आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ । | |
| २२ | | | **सवारी तथा व्यवसायी कर -**<br><br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ मा पालिकाले आफ्नो क्षेत्र भित्रका सवारीमा तोकिए बमोजिम सवारी दर्ता तथा वार्षिक सवारी कर र आफ्नो क्षेत्रमा आउने सबै प्रकारको सवारीमा तोकिए बमोजिम सवारी कर उठाउने उल्लेख भएकोमा यस बर्ष कुनै पनि रकम उठाएको देखिएन । हरेक वर्ष दर्ता हुने सवारीको अभिलेख राखी कर असूलीलाई प्रभाबकारी बनाउने तर्फ सम्वन्धित निकायको ध्यान जानु पर्दछ ।<br><br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनूपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत कुनै कर संकलन नगरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छैन । जसबाट पालिकाले संकलन गरेको व्यवसाय कर यथार्थ मन्न सक्ने अवस्था छैन । तसर्थ पालिकाले आप्mनो क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ । | |
| २३ | | | **आर्थिक सहायता —**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । यस स्थानीय तहले १ देखि ६ नम्वरका वडाहरुका बिरामीहरुलाई उपचार | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | खर्च प्रयोजनको लागि यो वर्ष ३३ व्यक्तिलाई रु. ८०००००।०० आर्थिक सहायता वितरण गरेको पाइयो ।यसैगरी उद्दार राहत तथा पुनस्थापना खर्च शिर्षकबाट बाटो तथा काठेपुल मर्मत कार्यमा रु ३१५०००।०० खर्च गरेको पाईयो । यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ । | |
| २४ | | | **विविध खर्च -**<br><br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७६ को नियम ४७(१) मा सरकारी वा अन्य कुनै व्यक्तिले सरकारी काम काजको निमित्त पेश्की लिनु पर्दा कुन कामको निमित्त के कति रकम चाहिने हो त्यसको विवरणको आधारमा कार्यालय प्रमुखले सम्बन्धित कामको लागि आवश्यक पर्ने रकमभन्दा बढी नहुने गरी पेश्की दिनु पर्ने व्यवस्था उल्लेख छ। गाउँपालिकाले कार्यालयको विविध खर्च शीर्षकबाट गणेश बहादुर रोकायालाई २९।२०७८/६/२० मा रु.१५ लाख पेश्की दिएकोमा के कति कामको लागि खर्च गर्ने भन्ने प्रयोजन वेगर पेश्की भुक्तानी गरी बर्षान्तमा २०७८।३।२२ गते फर्छ्यौट गरेको देखियो । यस्तो कार्यले आर्थिक अनुशासन कायम नहुने भएकोले जुन कार्यको लागि पेश्की लगेको हो सो कार्य सम्पन्न भएको मितिले सात दिन भित्र फर्छ्यौट गर्नुपर्ने नियमावलीको व्यवस्थालाई कार्यालयले ध्यान दिनु पर्दछ । | |
| २५ | | | **सम्पत्ति हस्तान्तरण -**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल—अचल सम्पत्ति, दायित्व तथा अभिलेख गरी, त्यसरी कायम भएका गाउँपालिका स्वतः हस्तान्तरण हुने व्यवस्था छ । हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगतखाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा गाउँपालिकाले वडागतसमेत देखिनेगरी सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको, कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यवान सामानहरु गाउँपालिकाको मूल जिन्सी खातामा जिम्मेवारी सारेको पाईएन । जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरु हराउन, हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्यावधिक गर्नुपर्दछ । वडा, स्वास्थ्य, शिक्षा, सेवा केन्द्र, गाउँपालिका लगायतको सम्पत्तिलाई एकिकृत गरिनुपर्दछ । | |
| २६ | | | **जिन्सी निरिक्षण -**<br><br>आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ५० वमोजिम जिन्सी सामानहरु के कस्तो अवस्थामा छन् कार्यालय प्रमुखले एक वर्षमा कम्तीमा एक पटक आफैंले निरिक्षण गरी वा त्यस्तो मालसामान जिम्मा लिने कर्मचारी वाहेक अन्य | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | कर्मचारी वा प्राविधिक द्वारा निरिक्षण गर्न लगाई त्यसको प्रतिवेदन लिखित रुपमा लिई राख्नुपर्ने व्यवस्था रहेकोमा कार्यालयले आ.व. २०७८।७९ मा जिन्सी निरिक्षण गरेको देखिएन । जिन्सी निरिक्षण नहुँदा सामान आम्दानी नहुने, हराउन सक्ने, मर्मत एवम् लिलाम हुन नसक्ने, मूल्य नखुल्ने जस्ता समस्या हुन सक्ने देखिन्छ । नियमावलीमा भएको व्यवस्थाको पालना हुनुपर्दछ । | |
| २७ | | | **आन्तरिक नियन्त्रण, वित्तीय उत्तरदायित्व एवम् कानुनको पालना -**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले आफ्नो कार्यालयवाट सम्पादन गरिने कार्य नियमित, मितव्ययी, प्रभावकारी र दक्षतापुर्ण ढंगवाट सम्पादन गर्न र वित्तिय प्रतिवेदन प्रणालीलाई विश्वसनिय वनाउन तथा प्रचलित कानून वमोजिम कार्य सम्पादन गर्न आ—आफ्नो कामको प्रकृती अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ । पालिकाले आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयन गरेको नदेखिएकोले देहायका कमजोरी रही असर पर्ने देखिएको छ । यसबाट सम्बन्धित काम मितव्ययी एवं प्रभावकारी ढङ्गले कार्यान्वयन भएको छ भनी विश्वस्त हनु सक्ने आधार भएन । यसमा सुधार गरी कार्यालयबाट सम्पादन हुने कामलाई नियमीत, मितव्ययी एवं प्रभावकारी बनाउनु पर्दछः-<br>• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८ बमोजिम वार्षिक खरिद योजना तयार नभएको,<br>• निजामती सेवा ऐन २०४९ को दफा ५(क) बमोजिम प्रत्येक निजामती पदको कार्य विवरण बनाई लागु नगरेको ,<br>• वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार नगरेको<br>• वितरणमूखी कार्यक्रमलाई संचालन गरेको,<br>• पूँजिगत खर्चमा आयोजनाको प्राथमिकिकरण नभएको,<br>• स साना योजनालाई प्राथमिकता दिएको,<br>• नापी किताब (म.ले.प.फा.नं. ५०३) छुट्टै अभिलेखको रुपमा राख्ने व्यवस्था नगरेको,<br>• नापी किताब नियन्त्रण खाता (म.ले.प.फा.नं. ५१२) नरहेको ।<br>• भेरिएशन अभिलेख खाता (म.ले.प.फा.नं. ५०१) नराखेको ।<br>• आइटमवाइज कार्य अभिलेख खाता (म.ले.प.फा.नं. ५०५) नराखेको ।<br>• ठेक्कागत अभिलेख खाता (म.ले.प.फा.नं. ५०६) तयार नगरेको ।<br>• ठेक्का सम्बन्धी गोश्वारा लगत (म.ले.प.फा.नं. ५०७) तयार नगरेको ।<br>• जनसहभागितामा सम्पादित कार्यको प्रतिवेदन (म.ले.प.फा.नं. ५१४) तयार नगरेको । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • कोषहरुको कार्यविधि कानून नवनाएको,<br>• उपभोक्ताको योगदान न्यूनरुपले जुटाएको,<br>• कर तथा शुल्क अनुमानको ठोस आधार निर्माण नगरेको,<br>• कार्यविधि वेगर आर्थिक सहायता वितरण गरेको,<br>• संस्थागत क्षमता विकासमा उल्लेखनिय प्रगति नगरेको,<br>• आर्थिक वर्षको अन्तमा खर्चको चाप हुने गरी काम गरेको,<br>• कार्य सम्पादन जमानीको मान्य अवधि नविकरण भएको नदेखिएको,<br>• उपभोक्ताबाट खरिद सामान परिमाण र नापी तथा उपयोग नभिडेको,<br>• चालु प्रकृतिका खर्चलाई पूँजिगत खर्चमा विनियोजन गरी खर्च गरेको,<br>• राजस्वको अनुमान र प्राप्ती प्रक्षेपणमूखी र दायरामुखी वनाउन नसकेको,<br>• सवै कर्मचारीको तलवी प्रतिवेदन पारित नगरेको<br>• प्राप्ती तथा भूक्तानीको खर्च सार्वजनिकीकरण नगरेको,<br>• विद्यार्थी तथा शिक्षक अनुपात नभिडेको मर्जरको कार्यक्रम अगाडी नवढाएको<br>• अवकास कोष सम्वन्धि कानूनी व्यवस्था कार्यान्वयन नगरेको,<br>• एकिकृत सम्पत्ति विवरण र जिन्सीको एकीकृत लगत र निरीक्षण गरेको,<br>• लक्षित समूह खर्चलाई नियन्त्रणमा ल्याउन नसकेको,<br>• विविध खर्चमा नियन्त्रण नगरेको, कतिपय विविध खर्चको विलमा घरयासी प्रयोजनका खाद्यान्न सामानको प्रयोजन नखुलाई विल राखी भुक्तानी गरेको,<br>• कार्यालयमा टेलिफोन नभएको भनी प्रयोजन नखुलाई निजी फोनमा रिचार्ज खर्च लेख्ने गरेको,<br>• उपभोक्ता समितिको गठन प्रक्रिया नियमानुसार नभएको,<br>• अनुगमन संयन्त्र निर्माण गरी योजना अनुगमनलाई प्रभावकारी नबनाएको,<br>• सवं प्रकारका आयोजनामा निर्माण कार्यको गुणस्तर आश्वस्त हुने प्रमाण संलग्न गर्ने नगरेको ,<br>• उपभोक्ता समितिबाट गराएको काममा नियमानुसार खर्च अनुमोदन, खर्चको सूचना सार्वजनिकीकरण नगरेको, मर्मत सम्भारको जिम्मा सहित सम्पन्न योजना उपभोक्तालाई योजना हस्तान्तरण र सो को अभिलेखिकरण नगरेको ,<br>• लेखा श्रेस्ता अद्यावधिक भए नभएको कार्यालय प्रमुखले जाँच गर्नुपर्ने व्यवस्था कार्यान्वयन नगरेको<br>• जिन्सी खाता,बैक नगदी किताव, लेजर खाताहरु प्रमाणित गरी श्रेस्ता अद्यावधिक नगरेको/एउटा पेश्की बाँकी छँदै अर्को पेश्की दिने गरेको, | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| | | | • आम्दानी तर्फको म.ले.प.फा.नं. १०४ देखि १०९ सम्म नराखेको,<br>• म.ले.प.फा.नं.४०७ र ४०८ जिन्सी खाता अद्यावधिक नगरेको ,<br>• समयमा पेश्की फछ्र्यौट नगरेको,<br>• केही उपशिर्षकमा बैंक नगदी किताब र आषाढको खर्चको फाटवारी नमिलेको,<br>• नियम बमोजिम खर्चको विल भरपाईको तेरिज, जोडजम्मा, प्रमाणिकरण,भुक्तानीको छाप र खर्चका यथेष्ट प्रमाण नरहेको,<br>• ईन्धन खर्चको लगबुक नराखेको,<br>• कतिपय निजी सवारी साधन मर्मत खर्च भुक्तानी गरेको, नियम, कानुन र निर्देशिका अनुसार कार्यान्वयन गर्नुपर्ने उपरोक्त व्यहोरा पूर्ण रुपमा कार्यान्वयन नगरेका कारण वित्तीय उत्तरदायित्व एवम जवाफदेहिता र कानूनको पालनामा कमी आएको हुँदा जिम्मेवार पदाधिकारीले कामको प्रकृति अनूरुप आन्तरिक नियन्त्रण प्रणाली तयार गर्ने र कानूनको पालना गराउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| २८ | | | **वडा सचिवको पदपूर्ति -**<br><br>गाउँपालिका अन्तर्गतका वडा कार्यालयबाट संचालित सेवा प्रवाहमा महत्वपुर्ण भूमिका रहेका वडा सचिवको ६ दरबन्दी भएकोमा ५ मा पदपूर्ति भई १ रिक्त भएको देखियो । | |
| २९ | | | **न्यायीक समिति –**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी नभएको र यो बर्ष थप ३ विवाद दर्ता भएकोमा ३ वटै फर्स्योट भई टुङ्गो लगाउन बाँकी नरहेको जनाएको छ । | |
| ३० | | | **कानून र सञ्चालन स्थिति –**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने ब्यवस्था १२ वटा ऐन, ५ वटा नियमावली, ३० कार्यविधि लगायत ४७ वटा कानुन निर्माण गरी कार्यान्यनमा रहेका छन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३१ | | | **आमा सुरक्षा कार्यक्रम :**<br><br>आमा सुरक्षा कार्यक्रम : आमा सुरक्षा कार्यक्रम अन्तर्गत प्रोटोकल अनुसार कम्तीमा ४ पटक गर्भवती सेवा प्राप्त गरेका सेवाग्राही महिलाले प्रसूति सेवा लिने क्रममा गर्भवती सेवा लिएको कार्ड पेस गरेअनुसार तोकिएको दरमा प्रसूति सेवा प्राप्त गर्ने महिलालाई स्वास्थ्य संस्थामा आउने र जाने यातायात खर्च प्रदान गर्न सकिने व्यवस्था छ । यस पालिकाले आ. व. २०७७।७८ मा विभिन्न स्वास्थ्य संस्थामा प्रसुति सेवा लिएवापत भुक्तानी बाँकीको कच्चावारी प्रमाणित गरी यस वर्ष रु. ४१०४०० भुक्तानी गर्नुपर्नेमा रु. ५४७२०० खर्च लेखेकोले बढी रु. १३६८००। भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु | १३६,८०० |
| ३२ | | | **कट्टी रकम :**<br><br>**कट्टी रकमः** बिद्यालयहरूले त्रैमाशिक निकासा माग फाराम पेश गर्दा अघिल्लो त्रैमासिकको तलब भत्ता वितरण गर्दा हाजिरी विवरण, कट्टी भएको सा.सु.कर, पारिश्रमिक कर, ना.ल.कोष कट्टी तथा सापटी कट्टी गरी दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने ब्यवस्था छ । बिद्यालयहरूले त्रैमाशिक निकासा माग फाराम पेश गर्दा शिक्षकहरूको अघिल्लो त्रैमासिकको हाजिरी विवरण, तलब भत्ता वितरण गर्दा कट्टी भएको सा.सु. कर, पारिश्रमिक कर, ना.ल. कोष कट्टी, क.सं.कोष कट्टी तथा सापटी कट्टी गरी दाखिला गरेको प्रमाण पेश गरेको छैन । यसबाट सम्बन्धित शिक्षकको नाममा सम्बन्धित निकायमा रकम जम्मा भएको छ भन्ने बिश्वस्त आधार भएन । उल्लेखित कमजोरी समयमै सुधार हुनुपर्दछ । | |
| ३३ | | | **स्यानिटरी प्याड :** | |
| ३३.१ | | | **वितरण नगरेको :** कार्यालयले विभिन्न मितिमा १६ हजार प्याकेट सेनिटरी प्याड रु. ८ लाख ७२ हजार ३६० मा खरिद गरी जिन्सी खातामा आम्दानी बाँधेकोमा कार्यक्रमको लक्षित लाभग्राही सामुदायिक विद्यालयमा अध्ययनरत किशोरावस्थाका छात्राहरूलाई वितरण नगरी स्टोरमा मौज्दात राखेको पाइयो । सेनिटरी प्याडको गुणस्तरमा असर नपर्ने गरी भण्डारण गर्नुपर्ने र सम्बन्धित विद्यालयमार्फत वितरण गरेको प्रमाण पेश गर्नुपर्ने रु. | ८७२,३६० |
| ३३.२ | | | **लागत अनुमान तयार नगरी खरिद** : सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ मा सार्वजनिक निकायले एक लाख रुपैंया भन्दा बढी रकमको मालसामान, परामर्श सेवा वा अन्य सेवा खरिद गर्दा तोकिए बमोजिम लागत अनुमान तयार गरी स्वीकृत गर्नुपर्ने व्यवस्था छ । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११ मा नियम ९ र सम्बन्धित मालसामानको स्पेसिफिकेसनको अधिनमा रही लागत अनुमान तयार गर्नुपर्ने, लागत अनुमान तयार गर्दा अघिल्ला वर्षहरूमा खरिद गर्दा | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | लागेको मूल्य, स्थानीय बजारको प्रचलित दरभाउ, अन्य बजारको प्रचलित दरभाउ र मालसामान आपूर्ति गर्ने स्थानसम्म लाग्ने अनुमानित ढुवानी खर्च र उद्योग वाणिज्य सङ्घले जारी गरेको दररेटको आधारमा तयार गर्नुपर्ने व्यवस्था छ । कार्यालयले लागत अनुमान तयार गरेको कुनै आधार खुलाएको छैन । नियमावलीमा भएका व्यवस्थाहरूको पालना नगरी आधार नखुलाई लागत अनुमान तयार गर्दा सार्वजनिक खरिद मितव्ययी, पारदर्शी हुन नसक्ने भएकाले नियमावलीमा भएको व्यवस्था अपनाई लागत अनुमान तयार गर्नुपर्दछ । | |
| ३३.३ | | | **सेनिटरी प्याड** : सामुदायिक विद्यालयमा अध्ययनरत किशोरावस्थाका छात्राहरूलाई महिनावारीका समयमा आवश्यक पर्ने सेनिटरी प्याड निशुल्क उपलब्ध गराउन कोटेशनको माध्यमबाट जे.बी. मल्टीपर्पोज, बाजुराबाट गो.भौ.नं. ६५।२०७८/०९/११ बाट प्रति सेनिटरी प्याड रु. ५५।०० (मूअकर वाहेक) का दरले ६००० प्याकेट र द ग्लोबल सर्जिकल हाउस, धनगढीबाट गो.भौ.नं./मिति ८१।२०७८/०९/१४ मा प्रति प्याड रु. ४४।२० (मूअकर वाहेक) का दरले १०००० प्याकेट गरी जम्मा १६००० प्याकेट रु. ८,७२,३६०। (मूअकर समेत) मा खरिद गरिएको छ । सो सम्बन्धमा देखिएका ब्यहोरा निम्न छन् : | |
| ३३.४ | | | **स्पेशिफिकेशन उल्लेख नगरेको** : सेनिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि, २०७६ को दफा २० मा स्थानीय तहले सेनिटरी प्याड प्रयोग गर्ने छात्राहरूको स्वास्थ्यमा असर नपुग्ने र उक्त सामाग्रीको गुणस्तरमा कुनै पनि सम्झौता नहुने अवस्थाको सुनिश्चितता गर्नुपर्ने उल्लेख छ । कार्यालयले आपूर्ती भएका सेनिटरी प्याड तोकिएको गुणस्तरअनुरूप भए नभएको परीक्षण गरी प्रतिवेदन पेस गरेको छैन । | |
| ३३.५ | | | **टुक्रा पारी खरिद** : सार्वजनिक खरिद ऐन , २०६३ को दफा ८ (२) अनुसार खरिद कार्यलाई सीमित प्रतिष्पर्धा हुनेगरी टुक्रा टुक्रा पारी खरिद गरिनु हुँदैन भन्ने व्यवस्था गरेको छ । यस पालिकाले सेनीटरी प्याड खरिद गर्दा प्याकेज बनाई प्रतिष्पर्धात्मक आधारमा खरिद गर्नुपर्नेमा रु ८ लाख ७२ हजार ३६० को ३ दिनको फरकमा २ पटक टुक्रा बनाई खरिद गरेको छ । नियमको पालनामा ध्यान दिनुपर्दछ । | |
| ३४ | | | **स्वअध्ययन पुस्तिका :**<br><br>स्व-अध्ययन पुस्तिका : कोरोना महामारीको कारणले शिक्षा क्षेत्रमा परेको प्रभावलाई केही न्यूनिकरण गर्नका लागि वैकल्पीक स्व-अध्ययन सामाग्री पुस्तिका तयार पारेर विद्यार्थीहरुलाई वितरण गर्न रु ३९५९५२ खर्च लेखेको पाइयो । छपाइ भएका उक्त पुस्तकहरु सम्बन्धित लाभ ग्राहीले प्रयोग गरे नगरेको सुनिश्चीत हुनुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३५ | | | **एक शैक्षिक संस्था एक उद्यम कार्यक्रम :**<br><br>**एक शैक्षिक संस्था एक उद्यम कार्यक्रम** : एक शैक्षिक संस्था एक एद्यम कार्यक्रम (मावि) अन्तर्गत आ. व. २०७८।७९ को कार्यक्रम कार्यान्वयन सहजिकरण पुस्तिकाको बुँदा नं ४ बमोजिम कीर्तिचौर माविलाई विउ पुँजी कोष खडा गर्न रु ५०००००। अनुदान निकासा भएको छ । उक्त विद्यालयले विउ पुँजीकोष स्थापना गरेको प्रमाण पेस गर्नुपर्ने रु | ५००,००० |
| ३६ | | | **एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली :**<br><br>**एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS)** : कार्यक्रम कार्यान्वयन पुस्तिका (आ. व. २०७८।७९) मा IEMIS मा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरूको यथार्थ तथ्याङ्कसँग सत्यापन (भिडान) गराई शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरूलाई छात्रा छात्रवृत्ती र दलित छात्रवृत्ती (कक्षा १-८) प्रति विद्यार्थी वार्षिक रु. ४००। का दरले, शिक्षण सिकाइ सामग्री तथा Book Corner व्यवस्थापनका लागि कक्षा १-५ प्रति विद्यार्थी वार्षिक रु.१५० का दरले, कक्षा ६-१० प्रति विद्यार्थी वार्षिक रु.२००। का दरले, प्रति विद्यार्थी इकाइ लागतका आधारमा प्रारम्भिक बाल विकास/पूर्व प्राथमिक कक्षाका लागि प्रति विद्यार्थी वार्षिक रु. ५००। का दरले, कक्षा ८ को परीक्षा सञ्चालन प्रति विद्यार्थी वार्षिक रु. २५०। का दरले विद्यालयलाई अनुदान दिने व्यवस्था छ । कार्यालयले IEMIS मा प्रविष्ट तथ्याङ्कलाई कक्षागत विद्यार्थीहरूको यथार्थ तथ्याङ्कसँग सत्यापन गरेको पाइएन । जसले गर्दा वास्तविक विद्यार्थी सङ्ख्याभन्दा बढी निकासा गएको छैन भन्न सक्ने आधार भएन। कार्यालयले कार्यक्रम कार्यान्वयन पुस्तिकामा उल्लेख भएबमोजिम IEMIS डाटालाई विद्यार्थी हाजिरी पुस्तिका, परीक्षामा सहभागी सङ्ख्या र अनुगमनबाट विद्यार्थीहरूको यथार्थ तथ्याङ्कसँग सत्यापन गराई शिक्षा अधिकृतबाट प्रमाणित गरेर मात्र अनुदान निकासा दिनुपर्दछ । | |
| ३७ | | | **दरबन्दी मिलान :**<br><br>**दरवन्दी मिलानः** शिक्षा नियमावलीले व्यवस्था गरे अनुसार बिद्यालयगत शिक्षकको दरबन्दी मिलान गर्नुपर्नेमा यस पालिकामा जिल्ला शिक्षा इकाई कार्यालयले उपलब्ध गराएको विवरण अनुसार प्रा.बि., नि.मा.बि. र मा.बि. मा राहात दरबन्दी र बिद्यालयको अवस्था, तथा बिद्यार्थीको सङ्ख्या यकिन गरी पालिकाले दरबन्दी मिलान गरेको देखिएन । दरबन्दी मिलान नहुँदा कुनै विद्यालयमा शिक्षक बढी हुने र कुनै विद्यालयमा शिक्षक अभाव हुन गई पालिकाको शैक्षिक प्रणालीमा नै नराम्रो असर पर्न जाने भएकोले समयमै दरबन्दी मिलान गर्नुपर्दछ । दरबन्दी मिलान बेगर पालिकाले गरेको शिक्षक तलबको लागि निकासा रकम वास्तबिक हो भनी यकिन गर्न सकिएन । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३८</td><td></td><td></td><td>दरबन्दी मिलान :<br><br>दरवन्दी मिलानः शिक्षा नियमावलीले व्यवस्था गरे अनुसार बिद्यालयगत शिक्षकको दरबन्दी मिलान गर्नुपर्नेमा यस पालिकामा जिल्ला शिक्षा इकाई कार्यालयले उपलब्ध गराएको विवरण अनुसार प्रा.बि., नि.मा.बि. र मा.बि. मा राहात दरबन्दी र बिद्यालयको अवस्था, तथा बिद्यार्थीको सङ्ख्या यकिन गरी पालिकाले दरबन्दी मिलान गरेको देखिएन । दरबन्दी मिलान नहुँदा कुनै विद्यालयमा शिक्षक बढी हुने र कुनै विद्यालयमा शिक्षक अभाव हुन गई पालिकाको शैक्षिक प्रणालीमा नै नराम्रो असर पर्न जाने भएकोले समयमै दरबन्दी मिलान गर्नुपर्दछ । दरवन्दी मिलान बेगर पालिकाले गरेको शिक्षक तलबको लागि निकासा रकम वास्तबिक हो भनी यकिन गर्न सकिएन ।</td><td></td></tr>
<tr><td>३९</td><td></td><td></td><td>बढी दरमा लागत अनुमान :<br><br>बढी दरमा लागत अनुमान तयारः सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा स्वीकृत नर्म्सबमोजिम दररेट निर्धारण समितिले तोकेको दररेटको आधारमा निर्माण कार्यको लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले प्रधानमन्त्री रोजगार कार्यक्रममा ग्यावियन ढुङ्गा सङ्कलन, ढुवानी लगायत कार्यमा दरविश्लेषण गर्दा प्रधानमन्त्री रोजगार कार्यक्रम कार्यविधिअनुसार ज्यामी ज्याला रु ५७७।- उल्लेख गर्नुपर्नेमा जिल्ला दररेटमा उल्लेखित ज्याला रु ११५० उल्लेख गरी दर विश्लेषण गरेकाले निम्न लिखित आयोजनामा रु १४३४९३२। बढी मूल्याङ्कन हुन गएको छ । बढी मूल्याङ्कन भएको रकम प्राविधिकलाई जिम्मेवार बनाई असुल गर्नुपर्ने
<table>
<tr><th>सिनं</th><th>आयोजनाको नाम</th><th>कामको विवरण</th><th>जिल्ला दररेटअनुसार दरविश्लेषण गरी भुक्तानी भएको रकम</th><th>नर्म्सअनुसार दरविश्लेषण गर्दा भुक्तानी हुनुपर्ने रकम</th><th>बढी मूल्याङ्कन</th></tr>
<tr><td rowspan="3">१</td><td rowspan="3">बोहरा बाढा ढल निकास निर्माण योजना</td><td>Stone soling</td><td rowspan="3">२४६१८००</td><td rowspan="3">२३७८०४५</td><td rowspan="3">८३७५५</td></tr>
<tr><td>Dry rubble stone</td></tr>
<tr><td>Stone masonry</td></tr>
<tr><td></td><td></td><td>Stone soling</td><td></td><td></td><td></td></tr>
</table></td><td>१,४३४,९३२</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २ | तल्लोदुगन सामुदायिक भवन निर्माण योजना | Stone masonry cement mortar | १८८०६०० | १८४६१३३ | ३४४६७ | |
| | | | | | Stone masonry mud mortar | | | | |
| | | | ३ | धर्मोदय आवि फिल्ड तथा घेराबार निर्माण | Gabion filling | १६९९४०० | १५७८८०९ | १२०५९१ | |
| | | | | | Stone masonry mud mortar | | | | |
| | | | ४ | रनेडा काठेपुल निर्माण तथा बाटो मर्मत योजना | Stone soling | ९२०१०० | ९०७१२६ | १२९७४ | |
| | | | | | Gabion filing | | | | |
| | | | ५ | माझपाली सामुदायिक भवन निर्माण योजना | Stone soling | १८८०६०० | १८४१३८३ | ३९२१७ | |
| | | | | | Stone masonry cement mortar | | | | |
| | | | | | Stone masonry mud mortar | | | | |
| | | | ६ | रोदिगाढ विद्युत नहर मर्मत तथा तटबन्ध योजना | | १०३०१०० | ९७२७९१ | ५७३०९ | |
| | | | ७ | स्वास्थ्य घेराबार निर्माण योजना | Dry rubble stone | १६१९४०० | १५८११२७ | ३८२७३ | |
| | | | | | Stone masonry | | | | |
| | | | ८ | कीर्तिचौर मावि तटबन्ध निर्माण योजना २ | Gabion filling | १७४१७०० | १५९५४२१ | १४६२७९ | |
| | | | | | Dry stone masonry | | | | |
| | | | | | Gabion filling | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | ९ | कीर्तिचौर मावि तटबन्ध निर्माण योजना १ | Dry stone masonry | २४९५६०० | २२७७१७८ | २१८४२२ | |
| | | | १० | निलासेन नहर मर्मत योजना | Stone soling | ८००१०० | ७११३४९ | ८८७५१ | |
| | | | | | Dry stone masonry | | | | |
| | | | | | Gabion filling | | | | |
| | | | ११ | थारखोला दोस्रो जलविद्युत नहर मर्मत योजना | Stone soling | १९५९४०० | १८९८२५६ | ६११४४ | |
| | | | | | Dry stone masonry | | | | |
| | | | | | Stone masonry cement mortar | | | | |
| | | | | | Gabion filling | | | | |
| | | | १२ | जीवनज्योति आ वि कम्पाउन्ड वाल र रोड मर्मत | Stone soling | १६७५६०० | १४७२७६४ | २०२८३६ | |
| | | | | | Dry stone masonry | | | | |
| | | | | | Stone masonry cement mortar | | | | |
| | | | १३ | वडा कार्यालय कम्पाउन्ड वाल निर्माण योजना | Stone soling | ९१२४०० | ८४८०९९ | ६४३०१ | |
| | | | १४ | सिम्धारा लघुविद्युत नहर निर्माण र सिल्का सिँचाइ | Stone soling | २३८०६०० | २२९३८५९ | ८६७४१ | |
| | | | | | Dry stone masonry | | | | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td rowspan="2"></td><td rowspan="2"></td><td>Stone masonry cement mortar</td><td rowspan="2"></td><td rowspan="2"></td><td rowspan="2"></td></tr>
<tr><td>Gabion filling</td></tr>
<tr><td rowspan="3">१५</td><td rowspan="3">नवज्योति आ वि कम्पाउन्ड वाल निर्माण योजना</td><td>Stone soling</td><td rowspan="3">१४५९४००</td><td rowspan="3">१३७२६१७</td><td rowspan="3">८६७८३</td></tr>
<tr><td>Dry stone masonry</td></tr>
<tr><td>Gabion filling</td></tr>
<tr><td>१६</td><td>साँघुचौर काठेपुल निर्माण योजना</td><td>Stone soling</td><td>६९२४००</td><td>६६४७३३</td><td>२७६६७</td></tr>
<tr><td rowspan="2">१७</td><td rowspan="2">महादेब आ.बि धेराबार</td><td>Dry stone masonry</td><td rowspan="2">९२०१००</td><td rowspan="2">८५४६७८</td><td rowspan="2">६५४२२</td></tr>
<tr><td>Gabion filling</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td></td><td></td><td>१४३४९३२</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४०</td><td></td><td></td><td>निकासाको विद्यालयगत अभिलेख :<br><br>बिद्यालयगत निकासाः पालिकाले प्रत्येक बिद्यालयको स्थायी र अस्थायी दरवन्दी र राहात कोटामा कार्यरत शिक्षकहरुको नाम, नियुक्ति मिति, तलब ग्रेड र बिद्यालयलाई निकासा जाने सबै रकमहरू देखिने गरी बिद्यालयगत निकासा खाता अध्यावधिक गरेको देखिएन । यसरी निकासाका रुपमा जाने तलव, भत्ता र बिभिन्न अनुदान रकमहरूको बिद्यालयगत स्थिति स्पष्ट हुन सकेन । अतः बिद्यालयलाई जाने सबै रकमहरू देखिने गरी सफ्टवेयरमा प्रविष्टि गरी बिद्यालयगत रकम निकासाको एकिकृत अभिलेख तयार गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>४१</td><td></td><td></td><td>एमुष्ठ अनुदान :<br><br>एकमुष्ठ अनुदान : वार्षिक एकमुष्ठ अनुदाबाट विद्यालय सञ्चालन गर्ने कार्यविधि, २०७६ बमोजिम कुनै पनि दरबन्दी तथा राहत अनुदान नलिएका सामुदायिक विद्यालयको लागि प्रदान गरिने वार्षिक एकमुष्ठ अनुदानवापतको रकम रु १० लाख श्री जीवनज्योति आ.वि. लाई निकासा भएको छ । सो कार्यविधिबमोजिम हालसम्म सो विद्यालयमा कुनै दरबन्दी नरहेको</td><td>१,०००,०००</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | सम्बन्धमा सम्बन्धित इकाइको सिफारिस पत्र, निजी स्रोतमा राखेको शिक्षकको नियुक्तीको प्रमाण, भविष्यमा दरबन्दी माग नगर्ने विद्यालय व्यवस्थापन समितिको निर्णयको प्रतिलिपि, विद्यालयको वार्षिक योजना, अघिल्लो वर्षको लेखापरीक्षण प्रतिवेदन तथा सामाजिक परीक्षण प्रतिवेदनको प्रतिलिपि लगायतका प्रमाण पेस हुनुपर्ने रु | |
| ४२ | | | **उपभोक्ता समिति मार्फत सोझै खरिद**<br><br>**उपभोक्ता समिति मार्फत प्रधानमन्त्री रोजगार कार्यक्रमको लागि आवश्यक निर्माण सामग्री सोझै खरिद** - पालिकाले गो.भौ.नं./मिति १६९/०७९।०२।१६ बाट प्रधानमन्त्रि रोजगार कार्यक्रम सञ्चालन भएका १८ वटा योजनाका लागि आवश्यक पर्ने निर्माण सामग्री लागत अनुमान तयार गरी प्रतिष्पर्धाको माध्यमबाट खरिद गरी उपलब्ध गराउनुपर्नेमा सम्बन्धित आयोजनाले दुर्गा ट्रेडर्स, मार्तडीबाट खरिद गरेको टुक्रे बिल संलग्न गरी रु ५९,८३,७४७ खर्च लेखेको देखियो । निर्माण सामग्री खरिद गरी श्रमिकलाई ज्यालामा कार्य गराउनुपर्नेमा सम्बन्धित योजनाको उपभोक्ता समितिलाई नै सामग्री खरिद गर्न दिई एउटै फर्मका बिल संलग्न गरी रकम भुक्तानी गरेको देखिएकोले खरिद कार्य मितव्ययी तथा पारदर्शी भएको छ भन्न सक्ने अवस्था समेत देखिएन । अतः कानूनमा उल्लेखित व्यवस्थाको पालना गरी खरिद कार्य मितव्ययी तथा पारदर्शी गर्नेतर्फ कार्यालयको ध्यान जानुपर्दछ । | |
| ४३ | | | **भौतिक पूर्वाधार निर्माण**<br><br>**अनुगमन तथा प्राविधिक मूल्याँकन -** राष्ट्रपति शैक्षिक सुधार प्रकृया संचालनको लागि शिक्षा तथा मानव श्रोत विकास केन्द्रले मिति २०७८।१२।१५ मा कार्यक्रम कार्यान्वयनको लागि गरेको परिपत्र अनुसार एउटा कार्यक्रमको लागि विनियोजन गरेको रकम अर्को कार्यक्रममा खर्च गर्न नपाईने, कार्यक्रम कार्यान्वयनको प्रगति विवरण शिक्षा तथा मानव स्रोत विकास केन्द्रमा पठाउनु पर्ने, स्थानीय तहवाट नियमित अनुगमन तथा प्राविधिक सहायता उपलव्ध गराउनु पर्ने, क्रियाकलाप कार्यान्वयन गर्दा सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ अनुसारको प्रकृया अवलवम्वन गर्नुपर्ने तथा कार्यक्रमको कार्यान्वयन पश्चात निकासा रकमको लेखा राख्ने, प्रतिवेदन गर्ने र लेखापरीक्षणको दायित्व सम्बन्धित विद्यालयको हुने व्यवस्था छ । पालिकाले निम्नानुसारको विद्यालयलाई नमुना विद्यालय, आईसिटि ल्याव स्थापना तथा सुदृढिकरण र राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत विद्यालय भवन निर्माण तथा आईसीटि ल्यावको लागि निम्नानुसार रकम उपलव्ध गराएकोमा अनुगमन प्रतिवेदन प्राविधिक मूल्याँकन लेखापरीक्षण प्रतिवेदन तथा सामाजिक लेखापरीक्षण पेश नगरेकोले पेश हुनुपर्ने रु | २८,८४३,००० |

| भौ नं मिति | विद्यालयको नाम | लागत अनुमान | निकासा रकम |
|---|---|---|---|

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>९५ र १२५-०७९।३।१८</td><td>किर्तिचौर मा वि भवन</td><td>५१२१९९८।०९</td><td>३५६२०००</td></tr>
<tr><td>९६ र १२५-०७९।३।१८</td><td>नवज्योति आधारभूत विद्यालय</td><td>३१३८५५८।८३</td><td>१७८१०००</td></tr>
<tr><td>१०१ र १२५-०७९।३।१८</td><td>जनज्योति मा वि</td><td>५१२१९९८।०९</td><td>३६०००००</td></tr>
<tr><td>१०१ र १२५-०७९।३।१८</td><td>दुर्गालि आ वि</td><td>४८५४३९३।४१</td><td>३६०००००</td></tr>
<tr><td>४१,११६र १२६-०७९।३।१८</td><td>नमुना विद्यालय भौतिक सुधार अन्तर्गत बाल विकास मावि</td><td></td><td>१५००००००</td></tr>
<tr><td>१२७-२०७९।३।१८</td><td>आईसिटि ल्याव स्थापना तथा सुदृढिकरण मानकोट मावि</td><td></td><td>६५००००</td></tr>
<tr><td>२८०-२०७९।३।१७</td><td>आईसिटि ल्याव स्थापना तथा सुदृढिकरण अम्लिस मावि</td><td></td><td>६५००००</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>२८८४३०००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४४</td><td></td><td></td><td>नन् फाइलर :<br><br>मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८ मा करदाताले भुक्तानीमा प्राप्त मूल्य अभिवृद्धि कर भुक्तानी पाएको अर्को महिनाको २५ गतेभित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण सहित दाखिला गर्नुपर्ने व्यवस्था छ । तर पालिकाबाट एम. के. प्रिन्टर्स एण्ड स्टेशनरी सप्लायर्स (६००३६५३६७) लाई गो.भौ.नं. ३० र २१२ कारोवारहरूबाट मूल्यअभिवृद्धि कर रु. 97669 समेतको जम्मा रु ८४८९६९ को बिल भुक्तानी भएकोमा लेखापरीक्षण अवधिसम्म पनि उक्त फर्म कर विवरण नबुझाई नन्फाइलर रहेको पाइयो । कानूनी व्यवस्थाअनुसार विवरण नबुझाएकोले उक्त फर्मलाई भुक्तानी भएको मूल्यअभिवृद्धि कर समायोजन गरेको प्रमाण पेश हुनुपर्ने रु.</td><td>९७,६६९</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४५ | | | **बाखा अनुदान :** | |
| ४५.१ | | | बाखा विकास पकेट क्षेत्र समितिलाई बोएर बोका खरिद गर्न दिएको अनुदानमा उन्नत नश्लको लागि ४० हजार प्रति बोकाका दरले ६ वटा बोएर जातको बोका खरिद गरेको बिल समावेश भएकोमा संलग्न भेटेनरी प्रमाणपत्रमा उक्त बोका लोकल क्रस जातको उल्लेख भएकोले अनुदान दिँदा तोकिए शर्त बमोजिम खरिद गर्नुपर्दछ । अनुदान दिँदाको उद्देश्यअनुरूप खरिद भएको देखिएन । | |
| ४५.२ | | | **बोएर बोका अनुदान** : बाखा पकेट विकास कार्यक्रम अन्तर्गत गाउँपालिकाले ६ वटा बोएर जातको बोका र २० वटा उन्नत बाखा खरिद गर्न बाखा विकास पकेट क्षेत्र समितिलाई रु ४६५००० अनुदान दिएको छ । पालिकाबाट अनुदानमा वितरण गरिने बोएर बोका अनुदान दिने सम्बन्धमा पालिकाले कुनै पनि कार्यविधि तथा मापदण्ड तयार गरेको छैन । अनुदान प्राप्त गर्ने कृषकले कम्तिमा कती वर्षसम्म बाखापालनलाई निरन्तरता दिनु पर्ने, अनुदान रकमको दुरुपयोग गरेमा के गर्ने, अनुदान प्राप्त गर्ने कृषकले कम्तिमा कती वटासम्म बाखापालन गरेको हुनुपर्ने र बाखाको वीमा गर्नुपर्ने लगायतका शर्तहरु उल्लेख गरी मापदण्ड तथा कार्यविधी बनाएर मात्र अनुदानमा वितरण गर्नुपर्नेमा अनुदान वितरणको कार्यविधि तथा छनोटको मापदण्डवेगर अनुदान वितरण गरेकोले वास्तविक लक्षित समुदायले अनुदान प्राप्त गरे भनी यकीन गर्न सकिएन । | |
| ४५.३ | | | **कृषि अनुदानः** पालिकाले कृषि विकास शाखामा अनुदानका लागि कृषक, कृषक समुह कृषक सहकारी संस्था छनौट तथा मुल्याङ्कन, गर्न कार्यविधि तयार गरी सोही बमोजिम लाभग्राही छनौट, मुल्याङ्कन गर्ने कार्यहरू गर्नुपर्दछ । कार्यालयले यस बर्ष अनुदान कार्यक्रम संचालन गरेकोमा कार्यविधि तयार नगरी लाभग्राही छनौट, कामको मुल्याङ्कन लगायत कार्य नगरी वडाले सिफारिस दिएको आधारमा कृषक छनौट गरी खर्च गरेको छ । कार्यविधि तयार नगरी मुल्याङ्कन तथा छनौट गर्दा वास्तविक लाभग्राही छनौट भई लाभान्वित भएका छन भन्न सक्ने अवस्था समेत रहेन । कार्यविधि निर्माण गरी लाभग्राही छनौट, मुल्याङ्कन, खर्च सम्बन्धि सम्पुर्ण कार्य कार्यविधि अनुसार गरी कार्य गर्न र खर्च प्रभावकारी तथा पारदर्शी गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्ने देखिन्छ । | |
| ४६ | | | **बढी ग्रेड :**<br><br>**तलवी प्रतिवेदनः** स्थानिय सरकार सञ्चालन ऐन, २०७४ तथा निजामती सेवा ऐन, २०४९ को दफा ७ ख १ अनुसार कुनै पनि कर्मचारीको तलवि प्रतिवेदन सम्वन्धित जिल्लाको कोष तथा लेखा नियन्त्रक कार्यालयबाट पारित गराई तलब खुवाउने व्यवस्था छ । बैशाख महिनाको तलब भुक्तान हुँदा मान बहादुर रोकायलाई ग्रेडवापत पारित तलबी प्रतिवेदनमा भन्दा २५,१८५ बढी भुक्तान दिएकोले बढी भएको रकम असुल गरी दाखिला गर्नुपर्ने रु | २५,१८५ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>४७</td><td></td><td></td><td>बढी भुक्तानी :<br><br>बढि भुक्तानीः आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(१०) अनुसार सरकारी रकम खर्च लेख्दा चेकजाँच गरी रित पुगे नपुगेको एकिन गरेर मात्र खर्च लेख्नुपर्ने व्यवस्था छ । कार्यालयले गोश्वारा भौचर नम्बर ६-०७८-११-११ बाट २३ बिध्यालयलाई(कक्षा ८,१०,११ र १२ बाहेक) परिक्षा संचालन तथा ब्याबस्थापन कार्यको लागी रु.४४१८००। निकासा गरेकोमा निम्नानुसार २ बिद्यालयमा इमिसमा उल्लेखित बिद्यार्थी संख्या भन्दा बढि रु.१५४००। भुक्तानी भएकोले सम्बन्धितबाट असुल गरी दाखिला गर्नुपर्ने रु.
<table>
<tr><th>नाम</th><th>इमिसअनुसार बि. सं.</th><th>निकासा बिध्यार्थी संख्या</th><th>बढि संख्या</th><th>दर</th><th>रकम</th></tr>
<tr><td>श्री कीर्तीचौर आ.मा.बि</td><td>३३९</td><td>४११</td><td>७२</td><td>२००</td><td>१४४००</td></tr>
<tr><td>बाल बिकास मा.बि</td><td>२०१</td><td>२०६</td><td>५</td><td>२००</td><td>१०००</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td></td><td></td><td>१५४००</td></tr>
</table></td><td>१५,४००</td></tr>
<tr><td>४८</td><td></td><td></td><td>कृषि</td><td></td></tr>
<tr><td>४८.१</td><td></td><td></td><td>बिल भरपाईः आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(१०) अनुसार सरकारी रकम खर्च लेख्दा चेकजाँच गरी रित पुगे नपुगेको एकिन गरी मात्र खर्च लेख्नुपर्ने व्यवस्था छ । यस सम्बन्धमा देखिएका ब्यहोरा देहायवमोजिम रहेका छन्</td><td></td></tr>
<tr><td>४८.२</td><td></td><td></td><td>कार्यालयले गो.भौ.नं. ६-०७८-९-११ बाट ७५% अनुदानमा गहुको बिउ वितरण कार्य गर्नका लागी युनिक सीड कम्पनी प्रा.ली बाट ३५२५००। को बिल संलग्न गरी उल्लेखित ब्यबस्था अनुसार ७५% ले हुने रु. २६४३७५। सम्बन्धित फर्मको नाममा खर्च लेख्नुपर्नेमा ना.प्रा.स दिपेन्द्र सार्की लाई रु. ३०००००। खर्च लेखेकोले रु.३५६२५। बढि खर्च लेखेको असुल गरी दाखिला गर्नुपर्ने रु.</td><td>३५,६२५</td></tr>
<tr><td>४८.३</td><td></td><td></td><td>कार्यालयले गो.भौ.नं. २-०७८-६-२० बाट ८५% अनुदानमा तरकारी बिउ वितरण कार्य गर्नका लागी साउद एग्रोभेट सेन्टर प्रा.ली बाजुरा बाट २२९९५०। को बिल संलग्न गरी उल्लेखित ब्यबस्था अनुसार ८५% ले हुने रु. १९५०७५।</td><td>४,९२५</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | सम्बन्धित फर्मको नाममा खर्च लेख्नुपर्नेमा ना.प्रा.स दिपेन्द्र सार्की लाई रु. २०००००। खर्च लेख्दा रु.४९२५। बढि खर्च लेखेको असुल गरी दाखिला गर्नुपर्ने रु. | |
| ४८.४ | | | कार्यालयले गो.भौ.नं. १६-०७८-१२-१३ बाट ८५% अनुदानमा तरकारीको बिउ वितरण कार्य गर्नका लागी साउद एग्रोभेट सेन्टर प्रा.ली बाजुरा बाट ११५०००। को बिल संलग्न गरी उल्लेखित ब्यबस्था अनुसार ८५% ले हुने रु. ९७७५०। सम्बन्धित फर्मको नाममा खर्च लेख्नुपर्नेमा ना.प्रा.स दिपेन्द्र सार्की लाई रु. १०००००। खर्च लेखेकोमा रु.२२५०। बढि खर्च लेखेको असुल गरी दाखिला गर्नुपर्ने रु. | २,२५० |
| ४९ | | | **थाक्रो व्यवस्थापन :**<br><br>कार्यालयले गो.भौ.नं. २४-०७९-१-२१ बाट किबी विरुवा थाक्रा ब्याबस्थापन कार्यको लागी ना.प्रा.स दिपेन्द्र सार्कीले बिभिन्न फर्म बाट सिमेन्ट,पाईप,मेटल प्राईमर,तारपिन तेल,रड लगायत निर्माण सामाग्री खरिद गरेको बिल संलग्न गरी निजलाई रु. ४०००००। भुक्तानी गरेको छ । कार्यक्रममा खरिद गरेका निर्माण सामाग्री प्रयोग भएको प्राबिधिक प्रतिबेदन खर्च साथ संलग्न पनि नदेखिएकोले सामान प्रयोग भएको प्राबिधिक प्रतिबेदन पेश गर्नुपर्ने रु. | ४००,००० |
| ५० | | | **निशुल्क औषधी वितरण :**<br><br>**निशुल्क औषधी वितरणः-** पालिकाले यस वर्ष रु. ४९७७१५८। मुल्यको औषधी तथा स्वास्थ्य उपकरण सोझै खरिद गरी पालीका भित्रका स्वास्थ्य चौकी तथा सामुदायिक स्वास्थ्य इकाईहरुलाई हस्तान्तरण गरी पठाएको छ । विभिन्न औषधीहरु निशुल्क वितरण गर्ने नेपाल सरकारको नीतिलाई कार्यान्वयन गर्नको लागि पालिकाले समयमै औषधी खरिद गरेको देखिदैन। खरिद भएका औषधीको माग अनुसार उपलव्धता, वितरण, उपयोगको अवस्था र मौज्दात (म्याद सकिएको, कम म्याद भएको औषधी) को स्थिति सम्वन्धमा आवश्यक विवरण प्राप्त हुन नसकेकोले खर्च र यसको उपयोगिताको यथार्थता विश्लेषण गर्न सकिएन । पालिकाले खरिद गरिएको औषधिमा निःशुल्क वितरण गरिने छाप लगाएको पाईएन । पालिकाले हस्तान्तरण गरेको औषधि सम्वन्धित स्वास्थ्य चौकिहरुले आफ्नो जिन्सि खातामा आम्दानी वाधि नागरिकलाई निशुल्क वितरण गरेको सुनिश्चित गर्नुपर्दछ ।<br><br>भौ.नं./मिति \| नाम \| रकम<br>१९०-०७९-१-२१ \| केयरसाइट सर्जिकल \| ४९६३५२ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | | |

| | | |
|---|---|---|
| १९२-०७९-१-२१ | श्वेता सर्जिकल सप्लायर्स | ४९९१७७ |
| १२८-०७८-१२-२७ | सम्झना सर्जिकल एण्ड सप्लायर्स | ४९९९६८ |
| २२९-०७९-३-१८ | न्यु ओशियन ट्रेडर्स | ४९९८५५ |
| ८७-०७८-९-२९ | सिद्देश्वरी सप्लायर्स | ४९६३७० |
| (स्वास्थ्य चालू) | | ० |
| ३-०७८-६-२० | ग्लोबल मेडी इक्यूपमेन्ट | ३६३२२२ |
| ४-०७८-६-२० | सम्झना सर्जिकल एण्ड सप्लायर्स | ६३८७८ |
| ५-०७८-६-२१ | मेडिकेयर फर्मा | २७९७६० |
| ६-०७८-६-२१ | सहारा मेडिसिन डिष्ट्रिब्युटर्स | १५९६३० |
| ७-०७८-६-२१ | सहारा मेडिसिन डिष्ट्रिब्युटर्स | १४९१०५ |
| ८-०७८-६-२१ | आर.सि.मेडिकल हल | ९८१०० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>सशर्त चालु</td><td></td><td>०</td></tr>
<tr><td>२६-०७८-६-२०</td><td>मेगा मेडिसिन सप्लायर्स</td><td>४९७६६०</td></tr>
<tr><td>२८-०७८-६-२०</td><td>सम्झना सर्जिकल एण्ड सप्लायर्स</td><td>१२३४७५</td></tr>
<tr><td>६२-०७८-८-२२</td><td>द ग्लोबल सर्जिकल हाउस</td><td>७६२३६</td></tr>
<tr><td>८९-०७८-९-१६</td><td>द ग्लोबल सर्जिकल हाउस</td><td>२५४६०५</td></tr>
<tr><td>२११-०७८-१२-२७</td><td>सहारा मेडिसिन डिष्ट्रिब्युटर्स</td><td>४१९७६५</td></tr>
<tr><td></td><td>जम्मा</td><td>४९७७१५८</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>५१</td><td></td><td></td><td>भ्रमण अभिलेख एवं प्रतिबेदन -<br><br>भ्रमण खर्च नियमावली, २०६४ अनुसार आफू कार्यरत क्षेत्रभित्र भ्रमण गर्दा दैनिक भ्रमण भत्ता नपाउने तथा एकै दिन गएर फर्किन सक्ने ठाउमा खाजा खर्च वापत दैनिक भ्रमण भत्ताको २५ प्रतिशत रकम दिन सकिने उल्लेख छ । नियम २१ मा भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण प्रारम्भ गरेपछि सम्बन्धित कार्यालयले अनुसूची—६ बमोजिमको ढाँचामा भ्रमण अभिलेख राख्नुपर्ने उल्लेख छ । कार्यालयले विभिन्न कर्मचारीले विभिन्न स्थानमा भ्रमण गरेको भ्रमण आदेश र भ्रमण विल अनुसार रु.३६,०3,२२५। खर्च लेखेकोमा भ्रमण अभिलेख व्यवस्थित राखेको छैन । एउटै गोश्बारा भौचरबाट अनुगमन तथा मुल्याँकन, सरुवा तथा भ्रमण भत्ता एकमुष्ट भ्रमण/अनुगमन प्रतिबेदन बेगर तेरिज तयार नगरी खर्च लेखेको, एकै दिन गएर फर्कन सक्ने वडा कार्यालयका कार्यक्षेत्र र सदरमुकाम मार्तडी समेतको दैनिक भ्रमण भत्ता भुक्तानी गरेको नियमित देखिएन । नियमाबलीमा उल्लेख भएबमोजिम भ्रमण अभिलेख तथा भ्रमण प्रतिबेदन राखेरमात्र भ्रमण खर्च लेख्ने र एकैदिन जान आउन सकिने स्थानमा बास बस्ने गरी काज खटाउने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५२ | | | **आयुर्वेद औषधी खरिद-**<br><br>गो भौ नं ५८।२०७८।९।११ त्रिनेत्र आयुर्वेद फार्मेसीलाई रु ४९९९५५।०० र पुन गो भौ नं १८८।२०७८।१।२१ बाट रु ३०००००।०० समेत जम्मा रु ७९९९५५।०० जिन्सी दाखिला गरी भुक्तानी गरेकोमा खरिद भएको औषधीको बितरण र मौज्दात लेखापरीक्षणमा पेश भएन । नागरिकलाई निशुल्क वितरण गरी औषधी सहि प्रयोग भएको सुनिश्चित गर्नुपर्दछ । | |
| ५३ | | | **इन्धन खर्चको मापदण्ड -**<br><br>सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारिता कायम गर्ने सम्वन्धी नीतिगत मार्गदर्शन, २०७५ मा सवारी साधनको इन्धन, मर्मत खर्चमा एकरुपता ल्याउन निश्चित मापदण्ड बनाई कार्यान्वयनमा ल्याउनु पर्ने साथै सरकारी सवारी साधन सरकारी काममा मात्र प्रयोग गर्ने,सरकारी सवारी साधन अनाधिकृत व्यक्तिले प्रयोग नगर्ने जस्ता व्यवस्था गरेको छ । कार्यालयले उल्लेखित व्यवस्थाको पालना नगरी अध्यक्ष तथा कर्मचारीबाट कुपन काटी कतिपय कुपनमा गाडी नं. समेत उल्लेख नगरी यस वर्ष इन्धनमा रु. २६,०२,०३१। खर्च गरेको छ। कार्यालयले इन्धन खर्चको मापदण्ड तयार गरेको छैन भने सवारी साधन अनुसार वार्षिक इन्धन खर्च र उपयोगको विवरण खुल्ने गरी अभिलेख राखेको छैन । इन्धनमा भएको खर्चको वास्तविकता यकिन गरी असुल फछ्यौंट गर्नुपर्दछ । अतः इन्धन खर्चलाई मितव्ययी बनाउन कोटा निर्धारण गरी लगवुक राखेर मात्र खर्च लेख्न तर्फ कार्यालयको ध्यान जानुपर्ने देखिएको छ । | |
| ५४ | | | **कार्यालय सम्बन्धि खर्च -**<br><br>कार्यालयलाई वर्षभरमा आवश्यक पर्ने सामानको एकमुष्ठ विवरण बनाई सार्वजनिक खरिद ऐन तथा नियमावलीको प्रावधान वमोजिम खरिद योजना बनाई प्रतिस्पर्धात्मक तवरले खरिद गर्नुपर्नेमा पटक पटक सोझै बजारबाट खरिद गरी मसलन्द तथा कार्यालय सामान रु.२५,६7,९3७। र छपाइ तथा सूचना प्रकाशनमा रु.1१,३४,000। गरी रु.३७,०१,९3७। खर्च लेखेको छ । सामानको आवश्यकता तथा परिमाण शुरुमै निश्चित गरी प्रतिस्पर्धात्मक रुपले खरिद कारवाही अवलम्बन गर्नेतर्फ कार्यालयले ध्यान दिन जरुरी छ । पटक पटक खरिद गर्ने परिपाटीमा नियन्त्रण गरी कानुनको पालना गरी खरिदलाई मितव्ययी तथा प्रतिस्पर्धी बनाउनुपर्ने देखिन्छ । | |
| ५५ | | | **रेडियो एफ्.एम् स्थापना तथा सञ्चालन खर्च -** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | पालिकाले गौमुल एम्.एम् १०४.३ मेगाहर्ज स्थापना गर्न भवन निर्माण बापत रु ५०५४४१.० तथा उपकरण खरिद बापत रु २५०३५००.० गत वर्ष अनुदान दिएकोमा यस वर्ष समेत रु १००४०००।०० सञ्चालन खर्च वापतको रकम भुक्तानी गरेको छ। भवन निर्माण तथा उपकरण खरिदको लागि गत वर्ष खर्च लेखेकोमा सञ्चालनको लागि समेत पटक पटक अनुदान दिनु उचित देखिएन । पालिकाको रकमबाट पूँजी सिर्जना तथा उत्पादन मूलक कार्यमा खर्च गर्नुपर्दछ । | |
| ५६ | | | **खाजा खर्च -**<br><br>गौमुल गाँउपालिकाको बैठक तथा भ्रमण खर्च सम्वन्धी निर्देशिका २०७६ को परिच्छेद ६ बुँदा नं -3_ मा खाजा खर्च रु २०० र स्टेशनरी रु १०० र सहभागिता भत्ता रु १००० दिने उल्लेख रहेको छ । पालिकाले गाउँपालिकाको समानिकरण अनुदान तर्फको विनियोजित वजेट अनुसार महिला समूहको नेतृत्व विकास तालिममा कार्यक्रममा सहभागि भए वापत सहभागिहरुको खाजा खाना खर्च प्रतिदिन रु १००० का दरले २०७९।३।६ गते २८ जना र २०७९।३।८ गते २८ जना समेतलाई २ दिनको तालिमको रु २००० दरले रु ११२०००।०० खाना खर्च भुक्तानी गरेकोले निर्देशिका विपरित २ दिने तालिमको ५६ जनाको रु १६०० का दरले रु ८९६००।०० निर्देशिका भन्दा बढी दिएको देखिकोले सम्वन्धितबाट बढी भुक्तानी गरेको असुल हुनुपर्ने रु | ८९,६०० |

| क्र. सं. | सहभागीको नाम थर | पद | दिन | भुक्तानी दर | भुक्तानी रकम | भुक्तानी हुनुपर्ने रकम | बढी भुक्तानी रकम |
|---|---|---|---|---|---|---|---|
| | | तालिम सञ्चालन मिति २०७९ साल ०३ महिना ०६ गते | | | | | |
| १ | हरी बहादुर रोकाया | अध्यक्ष | २ | १०००। | २०००। | ४००। | १६००। |
| २ | सिता थापा | उपाध्यक्ष | २ | १०००। | २०००। | ४००। | १६००। |
| ३ | इन्दिरा रोकाया | म स अध्यक्ष | २ | १०००। | २०००। | ४००। | १६००। |
| ४ | भावना रोकाया | सदस्य | २ | १०००। | २०००। | ४००। | १६००। |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | ५ | सुनादेवी वुढा | सदस्य | २ | १०००। | २०००। | ४००। | १६००। | |
| | | | ६ | जलु रोकाया | सदस्य | २ | १०००। | २०००। | ४००। | १६००। | |
| | | | ७ | कला थापा | सदस्य | २ | १०००। | २०००। | ४००। | १६००। | |
| | | | ८ | उजला रोकाया | सदस्य | २ | १०००। | २०००। | ४००। | १६००। | |
| | | | ९ | मैना रोकाया | म स अध्यक्ष | २ | १०००। | २०००। | ४००। | १६००। | |
| | | | १० | राजु रोकाया | सदस्य | २ | १०००। | २०००। | ४००। | १६००। | |
| | | | ११ | शारदा वि क | सदस्य | २ | १०००। | २०००। | ४००। | १६००। | |
| | | | १२ | उषादेवी रोकाया | सदस्य | २ | १०००। | २०००। | ४००। | १६००। | |
| | | | १३ | सिर्जना रोकाया | कोषाध्यक्ष | २ | १०००। | २०००। | ४००। | १६००। | |
| | | | १४ | साउनी रोकाया | सदस्य | २ | १०००। | २०००। | ४००। | १६००। | |
| | | | १५ | राजु वि क | सदस्य | २ | १०००। | २०००। | ४००। | १६००। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १६ | रमना रोकाया | म अ अध्यक्ष | २ | १०००। | २०००। | ४००। | १६००। | |
| | | | १७ | खिना बुढा | कार्यपालिस्य | २ | १०००। | २०००। | ४००। | १६००। | |
| | | | १८ | मैना चदारा | सदस्य | २ | १०००। | २०००। | ४००। | १६००। | |
| | | | १९ | जवा सार्की | सदस्य | २ | १०००। | २०००। | ४००। | १६००। | |
| | | | २० | गिता रोकाया | वडा सदस्य | २ | १०००। | २०००। | ४००। | १६००। | |
| | | | २१ | सेतु बुढा | सदस्य | २ | १०००। | २०००। | ४००। | १६००। | |
| | | | २२ | अस्मिता बुढा | सदस्य | २ | १०००। | २०००। | ४००। | १६००। | |
| | | | २३ | सावित्री रोकाया | सदस्य | २ | १०००। | २०००। | ४००। | १६००। | |
| | | | २४ | सुनिता बुढा | सदस्य | २ | १०००। | २०००। | ४००। | १६००। | |
| | | | २५ | जमुना रोकाया | सदस्य | २ | १०००। | २०००। | ४००। | १६००। | |
| | | | २६ | सुशिला वि क | सदस्य | २ | १०००। | २०००। | ४००। | १६००। | |
| | | | २७ | इन्द्र वि क | सदस्य | २ | १०००। | २०००। | ४००। | १६००। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २८ | जगदिश प्रसाद भट्ट | प्रप्र अधिकृत | २ | १०००। | २०००। | ४००। | १६००। |
| तालिम सञ्चालन मिति २०७९ साल ०३ महिना ०८ गते | | | | | | | |
| १ | दुधा सार्की | सदस्य | २ | १०००। | २०००। | ४००। | १६००। |
| २ | भावना वि क | म उपसचिव | २ | १०००। | २०००। | ४००। | १६००। |
| ३ | बिमला भामी | सदस्य | २ | १०००। | २०००। | ४००। | १६००। |
| ४ | सपना रोकाया | अध्यक्ष | २ | १०००। | २०००। | ४००। | १६००। |
| ५ | गंगा रोककाया | सचिव | २ | १०००। | २०००। | ४००। | १६००। |
| ६ | शारदा रोकाया | अध्यक्ष | २ | १०००। | २०००। | ४००। | १६००। |
| ७ | सुभद्रा रोकाया | सदस्य | २ | १०००। | २०००। | ४००। | १६००। |
| ८ | प्रेमकला रोकाया | सदस्य | २ | १०००। | २०००। | ४००। | १६००। |
| ९ | हिमा बोहरा | सदस्य | २ | १०००। | २०००। | ४००। | १६००। |
| १० | सुना वुढा | सदस्य | २ | १०००। | २०००। | ४००। | १६००। |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | ११ | निता रोकाया | सदस्य | २ | १०००। | २०००। | ४००। | १६००। | |
| | | | १२ | डल्ली बोहरा | सदस्य | २ | १०००। | २०००। | ४००। | १६००। | |
| | | | १३ | सुन्तला वि क | सदस्य | २ | १०००। | २०००। | ४००। | १६००। | |
| | | | १४ | सिता रोकाया | सदस्य | २ | १०००। | २०००। | ४००। | १६००। | |
| | | | १५ | रेखा रोकाया | सदस्य | २ | १०००। | २०००। | ४००। | १६००। | |
| | | | १६ | रेखा रोकाया | सदस्य | २ | १०००। | २०००। | ४००। | १६००। | |
| | | | १७ | दुर्गा धामी | उपाध्यक्ष | २ | १०००। | २०००। | ४००। | १६००। | |
| | | | १८ | हाँसी रोकाया | सदस्य | २ | १०००। | २०००। | ४००। | १६००। | |
| | | | १९ | सन्जिता बोहरा | सदस्य | २ | १०००। | २०००। | ४००। | १६००। | |
| | | | २० | सुशिला बोहरा | सदस्य | २ | १०००। | २०००। | ४००। | १६००। | |
| | | | २१ | कम्पनी रोकाया | सदस्य | २ | १०००। | २०००। | ४००। | १६००। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २२ | कल्पना रोकाया | सदस्य | २ | १०००। | २०००। | ४००। | १६००। |
| २३ | सरिता रोकाया | सदस्य | २ | १०००। | २०००। | ४००। | १६००। |
| २४ | बसन्ती रोकाया | सदस्य | २ | १०००। | २०००। | ४००। | १६००। |
| २५ | रिमा रोकाया | सदस्य | २ | १०००। | २०००। | ४००। | १६००। |
| २६ | कल्पना सार्की | सदस्य | २ | १०००। | २०००। | ४००। | १६००। |
| २७ | नर्मा वि क | वडा सदस्य | २ | १०००। | २०००। | ४००। | १६००। |
| २८ | गिता रोकाया | वडा सदस्य | २ | १०००। | २०००। | ४००। | १६००। |
| | जम्मा रकम | | | | **११२०००** | **२२४००** | **८९६००** |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५७ | | | **प्रकोप व्यवस्थापन कोष —** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा २३ (१४) मा विपद् व्यवस्थापनको लागि प्रत्येक स्थानीय तहमा विपद् व्यवस्थापन कोष रहने र कोषमा रहने रकम तथा कोषको सञ्चालन सम्बन्धी व्यवस्था सम्बन्धित स्थानीय तहले बनाएको नियममा तोकिएबमोजिम हुने व्यवस्था छ । पालिकाले गत वर्षको मौज्दात समेत रु १९९००१.० बाँकी रहेकोमा थप आम्दानी गरी विपद् जोखिम न्यूनीकरण क्रियाकलाप सञ्चालन गरेको देखिएन । विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(१) मा प्रत्येक स्थानीय तहले अध्यक्ष तथा प्रमुखको अध्यक्षतामा बढीमा १५ जना सदस्य रहेको स्थानीय विपद् व्यवस्थापन समिति गठन गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले ऐनमा तोकिए बमोजिमको | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>समिति गठन भएतापनि ६ वटा बैठक बस्ने बाहेक अन्य कार्य गरेको पाइएन । ऐनमा तोकिएबमोजिम समिति गठन गरी तोकिएको काम, कर्तव्य र अधिकारमा सक्रिय बनाउनुपर्दछ । विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था छ। पालिकाले कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको पाइएन । ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ ।</td><td></td></tr>
<tr><td>५८</td><td></td><td></td><td>सामग्री खरिद :<br><br>कार्यालयले गो.भौ.नं. २२-०७८-१२-२७ बाट कृषि सामाग्री बितरण (टमाटर, खुर्सानी, तिते करेला ,फर्सी, काक्रा लगायत ९ आईटमका कृषि बिउ) कार्यको लागी नेपाल एग्रो ट्रेड एण्ड सप्लायर्सबाट निम्नानुसारको परिमाणमा सामान खरिद गरि ना.प्रा.स दिपेन्द्र सार्कीलाई रु.५००४००। खर्च गरेको छ । खरिद भएका सामान सम्पूर्ण बितरण भएको जनाई खर्च लेखिसकेकोमा लेखापरीक्षणको क्रममा भरपाई जोडजम्मा गर्दा निम्नानुसार रु.३२८९२०। को परिमाण फरक परेको छ। कार्यालयले फरक परिमाण सम्बन्धमा यकिन गरि पेश गर्नुपर्ने रु.
<table>
<tr><th>सि.न</th><th>बिबरण</th><th>खरिद परिमाण(पाकेट)</th><th>बितरण परिमाण(पाकेट)</th><th>फरक परिमाण(पाकेट)</th><th>दर</th><th>फरक रकम</th></tr>
<tr><td>१</td><td>टमाटर हिमसोना</td><td>१२०</td><td>५३</td><td>६७</td><td>१०००</td><td>६७०००</td></tr>
<tr><td>२</td><td>भेडे खुर्सानी</td><td>१२०</td><td>४४</td><td>७६</td><td>७००</td><td>५३२००</td></tr>
<tr><td>३</td><td>अकबरे खुर्सानी</td><td>१२०</td><td>४६</td><td>७४</td><td>५००</td><td>३७०००</td></tr>
<tr><td>४</td><td>तिते करेला</td><td>१२०</td><td>३५</td><td>८५</td><td>४५०</td><td>३८२५०</td></tr>
</table></td><td>३२८,९२०</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>५</td><td>जुकेनी फर्सी</td><td>१२०</td><td>३४</td><td>८६</td><td>४००</td><td>३४४००</td></tr>
<tr><td>६</td><td>काक्रा</td><td>१२०</td><td>४६</td><td>७४</td><td>३५०</td><td>२५९००</td></tr>
<tr><td>७</td><td>भेण्डी</td><td>१२०</td><td>३७</td><td>८३</td><td>३००</td><td>२४९००</td></tr>
<tr><td>८</td><td>लौका</td><td>१२०</td><td>३३</td><td>८७</td><td>३५०</td><td>३०४५०</td></tr>
<tr><td>९</td><td>चौमासे सिमी</td><td>१२०</td><td>३९</td><td>८१</td><td>२२०</td><td>१७८२०</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td></td><td></td><td></td><td>३२८९२०</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>५९</td><td></td><td></td><td>प्रशासकिय भवन ठे नं GRM/BAJURA/NCB/1-075/76<br><br>लागत अनुमानमा रु ८६३८५२१२।९० रहेको प्रशासकिय भवन निर्माण कार्य किरौंतिश्वर / जागृति जेभिले कवोल गरेको रु ६३४२९४८९।४० मा सम्झौता मितिले १९ महिनाभित्र सम्पन्न गर्ने गरी २०७६।१।१० मा सम्झौता गरेको थियो। उक्त निर्माण कार्य सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन्ः</td><td></td></tr>
<tr><td>५९.१</td><td></td><td></td><td>म्याद थप - सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२० मा एनको दफा ५६ बमोजिमको अवस्था परी सम्झौता बमोजिमको काम त्यस्तो सम्झौताको अवधिभित्र पुरा गर्न नसकिने भएमा कारण खुलाई सम्झौताको म्याद सकिनु भन्दा २१ दिन अगावै सम्बन्धित सार्वजनिक निकायमा अवधि थपको लागि निवेदन दिने र सार्वजनिक निकायले आवश्यक जाँचवुझ गरी तोकिएको पदाधिकारीले म्याद थप गरिदिन सक्ने व्यवस्था छ । निर्माण व्यवसायीले दोस्रो पटक म्याद थपको लागि मिति २०७८।२।१० मा म्याद थपको लागि निवेदन दिंदा निवेदनमा अर्कै व्यक्तिले सम्झौता गरेकोले हामीलाई थाहा नभएको र एक बर्ष अवधि कम भएको वर्षात यातायातको असुविधा भएको कारण देखाई २०७८ जेठ मसान्त सम्म म्याद थप गर्नुका साथै ५ पटक म्याद थप गरी २०७९ असार मसान्त सम्म म्याद थप गरेको छ । ठेक्का सम्झौता गर्न कम्पनीको तर्फबाट कम्पनीको छाप सहित आधिकारिक व्यक्ति पठाएकोमा म्याद थप गर्दा सम्झौता भएको थाहा नभएको भनी हर्जना समेत नलिई पटक पटक म्याद थप गरेको उचित देखिएन ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५९.२ | | | **बढी भुक्तानी** - सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) क मा भुक्तानी गर्दा बास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी दिनुपर्ने व्ययवस्था छ ।प्राविधिक मूल्याँकन अनुसार उक्त ठेक्काको पाँचौ रनिङ विल सम्मको भौचर अनुसारको भुक्तानी जोडजम्मा गर्दा मूअकर समेत रु ५३९३२१७८। को भुक्तानी दिएकोमा पाँचौ रनिङ विलको अद्यावधिक कामको जोडजम्मा गर्दा मूअकर समेत रु ५३८६८८०५।५१ को मात्र कार्य भएको देखिएकोले रु ६३३७३। बढी भुक्तानी भएको रकम असूल गरी संघिय संचित कोष दाखिला हुनुपर्ने रु | ६३,३७३ |
| ५९.३ | | | **गुणस्तर परीक्षण र नियन्त्रण** : सार्वजनिक खरिद ऐन २०६३ को दफा ६३ (१) को खण्ड (ग) र सो को नियमावलीको नियम १११(१) को खण्ड (ङ) मा निर्माण कार्यको गुणस्तर परीक्षण र नियन्त्रणको व्यवस्था गरेको छ । ठेक्का संझौताका दफाहरुले गुणस्तर माथी कार्यालय प्रमुखको प्रत्यक्ष नियन्त्रण रहने व्यवस्था गरेको छ । निर्माण व्यवसायीलाई गुणस्तर आश्वस्तता योजना पेश गर्न लगाई त्यसको आधारमा सिमेन्ट, डण्डी, इट्टा, गिट्टी, ढुंगा, बालुवा, जि.आइ.तार माटो लगायत कंक्रिट क्यूव आदीको परीक्षण गराउनु पर्दछ । उक्त निर्माण कार्यको कार्यालयले निर्माण व्यवसायीहरुलाई गुणस्तर आश्वस्तता योजना पेश गर्न लगाएको देखिएन । यसबाट गुणस्तर परीक्षण तथा नियन्त्रण प्रति कार्यालयको प्राथमिकता र प्रतिवद्धतामा कमी रहेको पाइयो । निर्माण सामग्रीको गुणस्तर परीक्षण गरी ती सामग्री प्राप्त गर्ने स्थान तोक्नु पर्नेमा सो को कार्यान्वयन नगरेको तथा कार्यालयका प्राविधिकहरु निर्माण स्थलमा उपस्थित भइ निरीक्षण गरेर कामको गुणस्तर नियन्त्रण गर्नु पर्नेमा निरीक्षणको अभिलेख र साइट डायरी नराखेको कारण पर्याप्त रुपले निजहरुको उपस्थिती सुनिश्चित गर्ने आधार छैन । | |
| ६० | | | **फूलपाटा मा वि भवन निर्माण GRM/BAJURA/NCB/WORK/01-078/79**<br><br>लागत अनुमान रु ११९२८७२२।२४ रहेको फूलपाटा मा वि भवन निर्माण कार्य मनिष निर्माण सेवाले कवोल गरेको रु ६०९९३९०।मा मिति २०७९।३।३० मा सम्पन्न गर्ने गरी मिति २०७८।७।३० मा सम्झौता भई रु ७७६५७७२।— भुक्तानी भएको निर्माण कार्य सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन्; | |
| ६०.१ | | | **कार्यसम्पादन जमानत** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (४) बमोजिम जमानत दाखिला गर्दा बोलपत्रदाताले लागत अनुमानभन्दा पन्ध्र प्रतिशतसम्म कम अङ्क कबुल गरेमा कवुल अङ्कको पाँच प्रतिशत र लागत अनुमानको पन्ध्र प्रतिशतभन्दा बढी घटेर कवुल गरेको अवस्थामा पन्ध्र प्रतिशतभन्दा जति रकमले घटी कवुल गरेको छ सोको पचास प्रतिशतले हुन आउने रकम कवुल अङ्कको पाँच प्रतिशतमा थप गरी कार्यसम्पादन जमानत वापत दाखिला गर्नुपर्ने व्यवस्था छ । उल्लेखित निर्माण कार्यको लागत अनुमान रु ११९२८७२२। रहेको र रु ६९३१२५७। मा सम्झौता भएकोमा रु | ३९४,५४० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | १९८५०००। जमानत आवश्यक पर्नेमा राष्ट्रिय बाणिज्य बैंकको G 21411000271 को रु १५९०४६०। को मात्र जमानत पेश गरेकोले मान्य अवधि रहेको रु ३९४५४०। को थप जमानत जमानत पेश गर्नु पर्ने रु. | |
| ६०.२ | | | **भेरिएसन -** सार्वजनिक खरिद नियमावली, २०६४ को ११८(१) मा सम्झौता गर्दाका बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सो सम्झौता कार्यान्वयनको क्रममा सिर्जना भए प्रक्रिया पुरा गरी भेरिएसन आदेश जारी गर्न सक्ने व्यवस्था छ । उक्त भवनको तला थपको कार्य भएकोमा गत वर्ष उपभोक्ता समिति मार्फत भुई तल्ला निर्माण गरेकोमा तल्लो तल्लाको प्लाष्टर उप्किएको तथा रंगरोगनको कार्य गर्नुपर्ने, प्लाष्टर नगरे गार्हो भत्कन जाने भई भेरीएसन गर्नुपर्ने भनी प्राविधिक प्रतिवेदन अनुसार कार्यपालिकाले निर्णय गरी लागत अनुमान रु. १,११,२८,७२२।- मा १,३१,०१,२१५।- अर्थात १७.७२ प्रतिशत र सुरु सम्झौता ६९,७६,१०३।- मा रु. ८०,८२,७७४।६४ अर्थात १५.८६ प्रतिशतले रु. ११,०६,६७१।- भेरिएसन गरेको छ । निम्नानुसार कार्यको भेरिएसन गरी मू. अ. कर समेत रु. १२,७०,१५२।- भुक्तानी भएको देखिन्छ । विगतमा भएको कार्य र भुक्तानी सम्बन्धमा विवरण माग गर्दा पेश भएन । तल्ला थप सम्बन्धी निर्माण कार्यको सुरु लागत अनुमान तयार गर्दा नै उक्त व्यहोरा उल्लेख गरी परीमाण यकिन गर्नुपर्नेमा नगरी निर्माण कार्य सम्पन्न हुने समयमा भेरीएसन थप गरी भुक्तानी गरेकोले बढी व्ययभार नपरेको यकिन गर्नुपर्ने रु. | १,२७०,१५३ |

| बिवरण | परिमाण | दर | रकम |
|---|---|---|---|
| २० एम एम प्लाष्टर | १२१० घमी | ४०० | ४८४००० |
| २५ एम एम प्लाष्टर | ३१४.९३ घमी | ४०० | १२५९७२ |
| ३ एम एम पनिङ | २८२.८९ घमी | २०० | ५६५७८ |
| २ कोट पेन्टिङ | १५२४.९३ घमी | ३०० | ४५७४७९ |
| जम्मा | | | ११२४०२९ |
| १३ प्रतिशत मू अ कर समेत | | | १२७०१५३ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६१ | | | **फनपार्क निर्माण**<br><br>विशेष अनुदान सम्बन्धि कार्यविधि २०७५ को दफा ३(२) मा नेपाल सरकारले विशेष अनुदान अन्तर्गत आयोजना संचालन गर्न सोको आवश्यकता तथा प्राथिमकता, आयोजना कार्यान्वयन पश्चात हुने उपलव्धि प्रतिफल वा लाभको अवस्था विचार गरी सोको आधारमा बिशेष अनुदान प्रदान गर्नुपर्ने दफा ३(३) मा सञ्चालित योजना ३ वर्ष भित्र सम्पन्न गर्नु पर्ने व्यवस्था छ । कार्यालयले वशेष अनुदान अन्तर्गत वडा नं ४ मा फनपार्क निर्माणको लागि सिएम प्याराडाईज/प्रशंसा जेभिले मू अकर समेत रु ७१८९४९२१।६८ मा सम्झौता मितिले १८ महिना भित्र सम्पन्न गर्ने गरी मिति २०७८।३।४ मा सम्झौता गरी गतवर्ष पेश्की लिएको रु ५४१५०००। मा रु १२९२०००। पेश्की फर्छ्यौट समेत प्रथम विलवाट रु ५८३९८०७। भुक्तानी गरेको निर्माण कार्य सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्ः | |
| ६१.१ | | | **कार्य प्रगति —** निर्माण व्यवसायीले सम्झौता गर्दाका बखत पेश गरेको निर्माण कार्यतालिका बमोजिम कार्य गर्नु पर्दछ । सम्झौता गर्दाका बखत १८ महिनाभित्र कार्य सम्पन्न गर्ने गरि कार्यतालिका पेश गरेकोमा २०७९ असार मसान्तसम्मको अवधिमा ६६.६७ प्रतिशत समय व्यतित हुँदा ८.१२ प्रतिशत मात्र वित्तिय प्रगति भएको देखिएकोले निर्माण व्यवासयीले सम्झौतामा उल्लेख गरेको कार्यतालिका बमोजिम कार्य गरेको छैन । यसै अनुसार निर्माण कार्य गरेमा कार्यविधिले तोकेको सिमा भित्र निर्माण हुन अवस्था देखिएन । निर्माण व्यवसायीलाई ताकेता गरी सम्झौता अनुसारको कार्य समयमै सम्पन्न गराउने तर्फ कार्यालयको ध्यान जानुपर्दछ । | |
| ६१.२ | | | **वीमा -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ मा खरिद सम्झौतामा अन्यथा उल्लेख भएकोमा बाहेक दश लाख रुपैयाँ भन्दा बढीको निर्माण कार्य गर्दा विमा गराउनु पर्ने व्यवस्था छ । कार्यलयले उक्त निर्माण कार्यको लागि विल अफ क्वाण्टिटिको जनरल आईटममा वीमा वापत रु १५००००। राखकोमा प्रथम रनिङ विल रु ५८३९८०७। भुक्तानी गर्दासम्म वीमा गरेको देखिएन । निर्माण समाग्री र निर्मित संरचनाको जोखिम न्यूनीकरण गर्न वीमा गरिनु पर्दछ। | |
| ६२ | | | **निर्माण सामग्री खरिद तथा प्रयोग :**<br><br>**निर्माण सामाग्री खरिद तथा प्रयोग** : सार्वजनिक खरिद ऐन, २०६३ दफा ८ (२) मा खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा—टुक्रा पारी खरिद गर्नु नहुने व्यवस्था छ साथै खरिद भएका निर्माण सामाग्री प्रयोग हुनुपर्दछ । कार्यालयले निम्न अनुसार निर्माण सामाग्री सोझै खरिद गरी रु. १२५२५९९ भुक्तानी गरेकोमा उक्त सामान प्रयोग भएको प्रमाण खर्च साथ संलग्न छैन । सामान प्रयोग भएको प्राविधिक विल संलग्न गरी खर्च रकम नियमित गर्नुपर्ने रु. | १,२५२,५९९ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>भौ.नं/मिति</td><td>फर्मको नाम</td><td>सामानको विवरण</td><td>रकम</td></tr>
<tr><td>३३-०७८-९-१९</td><td>श्री प्याडी निर्माण सेवा</td><td>एच.डि.पि पाईप</td><td>४८५२९२</td></tr>
<tr><td>३५-०७८-९-१५</td><td>सौगात जनरल स्टोर</td><td>एच.डि.पि पाईप</td><td>४९९५४०</td></tr>
<tr><td>६४-०७८-११-१३</td><td>तनबिर ट्रेडर्स एण्ड सप्लायर्स</td><td>एच.डि.पि पाईप</td><td>२६७७६७</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>१२५२५९९</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>६३</td><td></td><td></td><td>नर्म्समा भिन्नता :<br><br>नर्म्समा भिन्नताः पालिकाले निर्माण कार्यमा परिमाण बिष्लेषणको लागि प्रयोग गरिएको नर्म्स कुन निकायको र कहिलेको हो भन्ने व्यहोरा लेखापरीक्षणको लागि पेश हुन सकेन । निर्माण आयोजना अन्तर्गत हुने कार्य आइटममा सम्बन्धित कार्य क्षेत्र अनुसारको नर्म्सको प्रयोग हुनुपर्दछ ।</td><td></td></tr>
<tr><td>६४</td><td></td><td></td><td>सीमाभन्दा बढीको खर्च :<br><br>सीमा भन्दा बढी खर्च : सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ अनुसार सार्वजनिक निकायले एक लाख रुपैंया भन्दा बढिको कुनै पनि खरिदको लागि तोकिएबमोजिम लागत अनुमान तयार गर्नुपर्ने, दफा ८(२) मा खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा—टुक्रा पारी खरिद गर्नु नहुने, सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५(१घ) मा एक आर्थिक वर्षमा एकै पटक वा पटक पटक गरी सिमा भन्दा बढि रकमको खरिद एउटै, फर्म वा संस्थाबाट सोझै खरिद गर्न नहुने व्यवस्था छ । कार्यालयले उल्लेखित व्यवस्थाको पालना नगरी पटक पटक सिमा भन्दा बढि रकमको खरिद गरेको रु.४०३५३९५। अनियमित देखिएको रु.
<table>
<tr><td>गो.भौ.नं./मिति</td><td>आपूर्तिकर्ताको नाम</td><td>सामानको बिवरण</td><td>रकम</td></tr>
</table>
</td><td>४,०३५,३९५</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | |
|---|---|---|---|
| २३-०७८-९-११ | इन्टेल कम्प्युटर सेन्टर | ल्यापटप,प्रिन्टर | ४९९८०० |
| २४-०७८-९-११ | इन्टेल कम्प्युटर सेन्टर | मेशिनरी औजार | १२५८०० |
| २६-०७८-०९-११ | सिटी टप मोवाईल एण्ड कम्प्युटर सेन्टर | ल्यापटप | १९९१९९ |
| २९-०७९-९-११(सशर्त) | इन्टेल कम्प्युटर सेन्टर | ल्यापटप,प्रिन्टर | १९९८०० |
| ६३-०७८-११-१३ | इन्टेल कम्प्युटर सेन्टर | ल्यापटप | १२८५०० |
| ७०-०७८-११-१३ | इन्टेल कम्प्युटर सेन्टर | ल्यापटप | १५६००० |
| १९४-०७९-३-२९ | एन.एस. इन्फोसिस | ल्यापटप | १५०००० |
| ३१-०७८-९-१४ | न्यु सागर फर्निचर उधोग | फर्निचर तथा फिक्चर्स | ४९९४६० |
| ३९-०७८-९-२२ | शर्मा काष्ठ तथा स्टील फर्निचर उधोग | फर्निचर तथा फिक्चर्स | ४९१५५० |
| ४०-०७८-९-२२ | न्यु सगरमाथा इम्पेक्स | फर्निचर तथा फिक्चर्स | ४९०२५१ |
| ६५-०७८-११-१३ | न्यु सगरमाथा इम्पेक्स | फर्निचर तथा फिक्चर्स | ९९८३५ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>३०-०७८-९-११(सशर्त)</td><td>सुर्योदय सोलार एण्ड ट्रेडर्स</td><td>मेशिनरी औजार</td><td>५०००००</td></tr>
<tr><td>१९२-०७९-३-२१</td><td>इन्टेल कम्प्युटर सेन्टर</td><td>मेशिनरी औजार</td><td>४९५२००</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>४०३५३९५</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>६५</td><td></td><td></td><td>निर्माण कार्यको गुणस्तर :<br><br>निर्माण कार्यको गुणस्तरः सार्वजनिक खरिद नियमावलीको नियम १११(१ङ) अनुसार सार्वजनिक निकायले खरिद सम्झौता कार्यान्वयन गर्दा गुणस्तर पक्षको निरिक्षण र परीक्षण गर्नुपर्दछ ।कार्यालयले उपभोक्ता समिति तथा निर्माण व्यवसायी मार्फत् निर्माण/कार्यान्वयन गराइएका योजनाको दिगोपनाका लागि सम्बन्धित उपभोक्ता समिति वा निर्माण व्यवसायी मार्फत गुणस्तर परीक्षणको आवश्यक व्यवस्था गर्नुपर्दछ।कार्यालयले निर्माण कार्यको गुणस्तर सुनिश्चितता गर्न विभिन्न निर्माण सामग्रीको प्रयोगशाला परीक्षण गर्ने/गराउने, ढुङ्गा र सिमेन्टको गाह्रो लगाउने तथा ढलानको कार्यको गुणस्तरका लागि प्रयोग हुने ग्याबियन तार, सिमेण्ट, मोर्टारको गुणस्तर परीक्षण तथा कंक्रिट क्यूब टेष्ट जस्ता कार्य गराएको पाइएन।यसले गर्दा निर्माण कार्यमा आवश्यक गुणस्तर कायम भएको सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था छैन । अतः नियमावली तथा सम्झौतामा उल्लेख भए अनुसार निर्माण कार्यको गुणस्तर सुनिश्चित गर्न गुणस्तर परिक्षणलाई अनिवार्य गर्नु पर्दछ।</td><td></td></tr>
<tr><td>६६</td><td></td><td></td><td>न्यूनतम दररेट :<br><br>न्यूनतम दररेटः स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १३ मा प्रत्येक आर्थिक बर्ष शुरु हुनुभन्दा १५ दिन अगावै आफ्नो क्षेत्रभित्रको निर्माण कार्य तथा अन्य सेवाको प्रयोजनको लागि निर्माण सामाग्री, ज्याला, भाडा तथा महशुलको स्थानीय न्यूनतम दररेट तोक्नुपर्ने व्यवस्था छ । पालिकाले आफ्नै दररेट तयार नगरी जिल्ला दररेट समितिले कैलालीको जिल्ला दररेटलाई आधार लिने निर्णय बमोजिम निर्माण सामाग्रीमा ढुवानी रकम समाबेश गरी निर्माण सामाग्रीको दररेट कायम गरेको छ । अधिकांश योजनामा उपभोक्ता समितिले निर्माण सामाग्री जिल्ला स्थीत आपुर्तकले उपलब्ध गराएको बिल पेश गरेको देखिन्छ । अतः स्थानिय बजारमै उपलब्ध हुने निर्माण सामाग्रीको दर र ढुवानी समाबेश गरी कार्यालयले दररेट तयार गर्नुपर्नेमा कैलाली लाई आधार लिदा आयोजनाको लागत बढि पर्न गएको देखिन्छ । स्थानिय बजारमै उपलब्ध हुने</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | निर्माण सामाग्रीको दर र ढुवानी समाबेश गरी कार्यालयले दररेट तयार गर्नुका साथै कानूनमा भएको व्यवस्थाको परिपालना हुनुपर्दछ । | |
| ६७ | | | **कर बीजक :**<br><br>**विजकको ढाँचाः** मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम १७ (१) मा दर्ता भएको व्यक्तिले कुनै वस्तु वा सेवाको आपूर्ति गर्दा कर अधिकृतले अन्यथा स्वीकृत गरेदेखी बाहेक प्रापकलाई अनुसुचि ५ र ५(क) बमोजिमको ढाँचामा कर विजक दिनुपर्ने व्यवस्था छ । कार्यालयले गो.भौ.नं. १९७-०७९-३-२२ बाट श्री प्याडी निर्माण सेवा लाई तटबन्धन निर्माण कार्य गरी रु. ९८८७७४। भुक्तानी गरेकोमा विजक नम्बर ०९-०७९-३-२० हस्तलिखित भएकोले मूल्य अभिवृद्धि कर रु ११३७५३। सम्बन्धित आन्तिरिक राजश्व कार्यालयमा दाखिला गरेको र कारोवार अंक समेत खुल्ने गरी मूल्य अभिवृद्धि कर समायोजन गरेको प्रमाण पेश गर्नु रु. | ११३,७५३ |
| ६८ | | | **सीमाभन्दा बढीको खरिद :**<br><br>**सीमाभन्दा बढी खर्च :** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ अनुसार सार्वजनिक निकायले एक लाख रुपैंया भन्दा बढिको कुनै पनि खरिदको लागि तोकिएबमोजिम लागत अनुमान तयार गर्नुपर्ने, दफा ८(२) मा खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा—टुक्रा पारी खरिद गर्नु नहुने, सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५(१घ) मा एक आर्थिक वर्षमा एकै पटक वा पटक पटक गरी सिमा भन्दा बढि रकमको खरिद एउटै, फर्म वा संस्थाबाट सोझै खरिद गर्न नहुने व्यवस्था भएकोमा भौ.नं.१५-०७८-९-१६ बाट कार्यालयले अपि सैपाल फार्मैशी एण्ड सर्जिकल सप्लायर्सको विजक संलग्न गरी भिडियो एक्सरे सामान खरिद गरेकोले ऐनको ब्याबस्था पालना बेगर रु.१४९७२५०। खर्च गरेको नियमित नदेखिएको रु. | १,४९७,२५० |
| ६९ | | | **जग्गा प्राप्ति :**<br><br>**जग्गा प्राप्तिः** जग्गा प्राप्ति ऐन, २०३४ को दफा १३(२) बमोजिम सार्वजनिक निकायले जग्गा प्राप्ति गर्दा मुआब्जा रकम निर्धारण गर्न प्रमुख जिल्ला अधिकारीसमेत तोकिएका पदाधिकारीहरु रहेको समिति रहने र सोही समितीले निर्धारण गरेको मुआब्जा रकम बमोजिम सार्वजनिक निकायले जग्गा प्राप्ति गरेबापत सम्बन्धित जग्गाधनीलाई मुआब्जा भुक्तानी गर्नुपर्दछ। कार्यालयले फनपार्क र स्वास्थ्य केन्द्र निर्माण प्रयोजनार्थ जग्गा प्राप्ति गर्दा सम्बन्धित जग्गाधनिलाई रकम भुक्तानी गरेकोमा,सोको लागी उपरोक्त समितीले मुआब्जा निर्धारण नगरी कार्यपालिकाको निर्णयको आधारमा रकम भुक्तानी गरेको | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| | | | छ। ऐनको दफा १६ अनुसार मुआब्जा निर्धारण गर्दा विचार राखु पर्ने कुराहरु पालना नगरी निर्णय भएकोले, ऐनको व्यवस्था पालना नगरी जग्गा प्राप्ति बापत भुक्तानी भएको रु ७२८९५००। नियमसम्मत तथा मितब्ययी भयो भन्न सक्ने अबस्था रहेन । कानुनको पालनामा कार्यालयको ध्यान जानुपर्दछ । | |

| गो.भौ.नं./मिति | नाम | क्षेत्रफलक | दर | जम्मा रकम |
| --- | --- | --- | --- | --- |
| १२९/२०७८।१२।२७ | धर्म रोकाया | ५१५ | ५०० | २५७५०० |
| १३०/२०७९।१३।२८ | चन्दिमल रोकाया | १८५ | ५०० | ९२५०० |
| १३१/२०८०।१४।२९ | दल बहादुर रोकार्यालय | ३२५ | ५०० | १६२५०० |
| १३२/२०८१।१५।३० | श्रीमति दिपा सिँह | ५१५ | ५०० | २५७५०० |
| १३३/२०८२।१६।३१ | कमला कुमारी रोकाया | २९५ | ५०० | १४७५०० |
| १३४/२०८३।१७।३२ | राजु रोकाया | १३९० | ५०० | ६९५००० |
| १३५/२०८४।१८।३३ | रज बहादुर रोकाया | ३०० | ५०० | १५०००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| १३६/२०८५।१९।३४ | राजेन्द्र बहादुर रोकाया | ५६५ | ५०० | २८२५०० |
| १३७/२०८६।२०।३५ | बल बहादुर रोकाया | ३२५ | ५०० | १६२५०० |
| १३८/२०८७।२१।३६ | जित रोकाया | ३८० | ५०० | १९०००० |
| १३९/२०८८।२२।३७ | बिर बहादुर रोकाया | ६१५ | ५०० | ३०७५०० |
| १४०/२०८९।२३।३८ | पूर्ण बहादुर रोकाया | ६५० | ५०० | ३२५००० |
| १४१/२०९०।२४।३९ | उज्जन बहादुर रोकाया | १०३ | ५०० | ५१५०० |
| १४२/२०९१।२५।४० | रामे रोकाया | ५७५ | ५०० | २८७५०० |
| १४३/२०९२।२६।४१ | कन्तरे रोकाया | ५१५ | ५०० | २५७५०० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| १४४/२०९३।२७।४२ | राजेन्द्र बहादुर रोकाया | ९९५ | ५०० | ४९७५०० |
| १४५/२०९४।२८।४३ | डबल बहादुर रोकाया | २७५ | ५०० | १३७५०० |
| १४६/२०९५।२९।४४ | देव बहादुर रोकाया | ४१५ | ५०० | २०७५०० |
| १४७/२०९६।३०।४५ | जौला रोकाया | ३० | ५०० | १५००० |
| १४८/२०९७।३१।४६ | बुढे रोकाया | ७९५ | ५०० | ३९७५०० |
| १४९/२०९८।३२।४७ | देवु रोकाया | ८६५ | ५०० | ४३२५०० |
| १६५/२०७९।०२।१३ | आउसे रोकाया | २५५ | ५०० | १२७५०० |
| १७१/२०८०।०२।१७ | लाले रोकाया | १२६२ | ४०० | ५०४८०० |
| १८०/२०८१।०३।१७ | धनसिँह रोकाया | ३३५८ | ४०० | १३४३२०० |
| जम्मा | | | | ७२८९५०० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७० | | | **वीमा :**<br><br>**बीमा गराउनुपर्नेः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२(१) मा दश लाख रुपैंयाभन्दा बढीको निर्माण कार्यमा निर्माण व्यवसायीले तोकिएको कुराको बिमा गराउनुपर्ने व्यवस्था रहेको छ।कार्यालयद्वारा संचालित दश लाख माथिका अधिकाँश निर्माण कार्यको सम्झौतामा बिमाको व्यवस्था गरेको छैन भने सम्झौतामा बिमाको व्यवस्था भएकोमा निर्माण व्यवसायीले बिमा गरेको प्रमाण पेश गरेको देखिएन। निर्माण कार्यमा हुनसक्ने सम्भाव्य दुर्घटनाबाट हुन सक्ने क्षति न्यूनीकरणका लागि अनिवार्य रुपमा संरचनाको विमा गरेर नियमावलीको व्यवस्था पालना गरिनुपर्दछ । | |
| ७१ | | | **मार्तडी घटमुना सडक मर्मत :**<br><br>कार्यालयले गोश्वारा भौचर नंबर ११२।०७८।१२।१४ मा मार्तडी घटमुना सडक मर्मत उपभोक्ता समिति, गौमुललाई सडक मर्मत कार्य गराई रु २८,६७,१९९। खर्च गरेकोमा देखिएका ब्यहोरा देहायबमोजिम रहेका छन् | |
| ७१.१ | | | **कार्यक्षेत्रभन्दा भिन्न स्थानमा लगानीः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७ बमोजिम पालिकाले दफा ६६ बमोजिम निर्धारण भएको आयको प्रक्षेपण र वितरणको खाका र बजेटको सीमामा आधारित भई वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्दा योजनाको प्राथमिकिकरण गरी बजेट तर्जुमा गर्नुपर्ने व्यवस्था छ । कार्यालयले बजेट तर्जुमा गर्दा उल्लेखित व्यवस्थाको पूर्ण पालना नगरी आफ्नो पालिका क्षेत्र भित्रको सडक मर्मत कार्यलाई प्राथमिकतामा नराखी बडिमालिका नगरपालिका क्षेत्रभित्र पर्ने मार्तडी देखि घटमुना सडक मर्मत कार्यमा रु ३०,००,००० बजेट विनियोजन गरी जनश्रमदान समेत रु ३७,७४,९६८। को लागत अनुमान तयार गरी गो.भौ.नं./मिति ११०-२०७८।१२।१४ मा मार्तडी घटमुना सडक मर्मत उपभोक्ता समितिबाट कार्य गराई रु २८,६७,१९९।- भुक्तानी गरेको छ । पालिकाले आफ्नो कार्यक्षेत्रभन्दा भिन्न स्थानमा कार्य गर्दा सम्बन्धित स्थानिय तहसँग साझेदारी तथा समन्वय नगरेकोले खर्चमा दोहोरोपना भएको छैन भन्न सक्ने अवस्थासमेत रहेन । बजेट तर्जुमा गर्दा प्राथमिकताको आधार निर्धारण गरी कार्यक्षेत्रभित्र लगानी गर्ने तर्फ ध्यान पुऱ्याउनु पर्दछ । | |
| ७१.२ | | | **कम भाडा रकम असुलीः** गौमुल गाउँपालिकाको जे.सि.बि. सञ्चालन कार्यविधि, २०७८ को बुँदा नंबर १० मा पालिकाको डोजर भाडामा प्रयोग गरेवापत इन्धन सहित उपलब्ध गराउँदा प्रतिघण्टा रु ४००० का दरले पालिकामा राजस्व बुझाउनुपर्ने उल्लेख पालिकाले उल्लेखित उपभोक्ता समितिलाई २३०।२२ घण्टा कार्य गर्न डोजर उपलब्ध गराएकोमा रु ९२०९१७।७१ भाडा असुल गर्नुपर्नेमा प्रतिघण्टा रु ३५०० का दरले रु ८०५८०३ मात्र असुल गरेकोले घटी भाडा रकम रु ११५११५ सम्बन्धित उपभोक्ता समितिबाट असुल गरी दाखिला गर्नुपर्ने रु | ११५,११५ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७१.३ | | | **निर्माण ब्याबसायी मार्फत् उपभोक्ताको कार्यः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१३क) अनुसार उपभोक्ता समिति वा लाभग्राही समुदायले प्राप्त गरेको कुनै काममा निर्माण व्यवसायीलाई संलग्न गराइएको पाइएमा सार्वजनिक निकायले उक्त उपभोक्ता समिति वा लाभग्राही समुदायसँग भएको सम्झौता रद्द गरी त्यस्तो उपभोक्ता समिति वा लाभग्राही समुदायलाई भविष्यमा त्यस्तो किसिमको कुनै काम गर्न नदिने अभिलेख राखी सो काम गर्ने निर्माण व्यवसायीलाई कालो सूचीमा राख्न सार्वजनिक खरिद अनुगमन कार्यालयमा सिफारिस गर्नुपर्ने उल्लेख छ । कार्यालयले उल्लेखित उपभोक्ता समितिबाट कार्य गराएकोमा उपभोक्ता समितिले कानुनको पालना नगरी त्याडी निर्माण सेवा बाट कार्य गराएको अबस्थामा भौ.नं. ११२-०७८-१२-१४ बाट रु. २८६७१९९। भुक्तानी गरेको छ । कानुनमा उल्लेखित ब्याबस्थाको पालना बेगर खर्च लेखेको रकम अनियमित रु. | २,८६७,१९९ |
| ७२ | | | **परामर्श सेवा**<br><br>**परामर्श सेवा**ः सार्वजनिक खरिद नियमावलीमा सार्वजनिक निकायमा कार्यरत जनशक्तिबाट नभ्याउने र बढी दक्षता आवश्यक पर्ने कार्यको परामर्श सेवा लागत अनुमान तयार गरी प्रतिस्पर्धाको माध्यमले खरिद गर्नुपर्ने व्यवस्था छ। तर पालिकाले सिमधारखोला मोटरवेल पक्कि्पुलको डि.पि.आरको परामर्श सेवाको खरिद गर्दा प्रतिस्पर्धा नगराई सोझै खरिद गरी गो.भौ.नं. १८२-०७९-३-१७ बाट रु. १९७१८५०। दिप्ती बिल्डर्स एण्ड कन्स्ट्रक्सन प्रा.ली लाई खर्च लेखेको छ। पालिकाले स्थानीय विकासमा टेवा पुग्ने तथा दीर्घकालीन पुजी निर्माण हुने मागमा आधारित आयोजनाको छनौट भएपछि लाभ लागत यकिन गरी उपलब्ध जनशक्तिबाट हुन नसक्ने कार्यको लागि प्रतिस्पर्धाको माध्यमले परामर्श सेवा खरिद गनुपर्नेमा सो गरेको देखिएन।यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन। डी.पी.आर.तयार गर्दा पालिकाको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गरी आगामी दिनमा पालिकाको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनुपर्दछ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वयनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन । यस सम्बन्धमा देखिएका ब्यहोरा देहायबमोजिम रहेका छन् | |
| ७२.१ | | | कार्यालयले तयार गरेको लागत अनुमानमा Detail soil Investigation कार्यको रु.१०४८८०५। उल्लेख गरेकोमा सो कामको परिमाण र सङ्ख्यासहित बिश्लेषणको आधार तयार गरी लागत अनुमान तयार नगरेको तथा प्रस्ताब दाताले सोही अनुसार प्रस्ताब पेश गरी खर्चको प्रमाण बेगर ११८५१४९। मू.अ.कर समेत भुक्तानी भएकोले खर्चको आधार तथा प्रमाण पेश गर्नुपर्ने रु. | १,१८५,१४९ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७२.२ | | | दिसी बिल्डर्स एण्ड कन्स्ट्रक्सन प्रा.ली ले सिमधारखोला मोटरवेल पक्किपुलको डि.पि.आरको आर्थिक प्रस्तावमा Reimbursable (यातायात,औजार उपकरण र स्टेशनरी तथा लजिस्टिक सपोर्टमा ) मा रु.११८२०१। प्रस्ताव गरेकोमा परामर्शदाताले सोधभर्ना हुने खर्च (Reimbursable) आइटमको प्रस्ताव अनुसारको विल भरपाई पेश नगरी विजक मात्र समावेश गरी भुक्तानी गरेको देखिएकोले सोधभर्ना वापत भुक्तानी गर्नुपर्ने रकम रु.१३३५६७। मू.अ.कर समेत खर्चको प्रमाण पेश गर्नुपर्ने रु. | १३३,५६७ |
| ७३ | | | **डोजर खरिद** :<br><br>**डोजर खरिदः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ ख (१) बमोजिम सार्वजनिक निकायले हेभि इक्विपमेन्ट, सवारी साधन, औजार मेशिनरीजस्ता यान्त्रिक मालसामानहरू त्यस्तो समानस्तरको मालसामान उत्पादन वा वितरण गर्ने उत्पादक कम्पनी वा त्यसको आधिकारिक विक्रेतालाई कम्तिमा सात दिनदेखि बढीमा पन्ध्र दिनसम्मको लिखित सूचना दिई प्रतिष्पर्धा गराउनुपर्ने, उपनियम २ बमोजिम सूचना प्राप्त भएपछि त्यस्तो मालसामान विक्रि गर्न चाहने उत्पादक कम्पनी वा त्यसको आधिकारिक विक्रेताले उत्पादनको आधिकारिक स्पेसिफिकेशन, गुणस्तर, मूल्य र सुविधा सहितको विवरण (क्याटलग वा ब्रोशर) संलग्न राखी पेस गर्नुपर्ने, उपनियम ४ बमोजिम उत्पादक वा अधिकृत विक्रेताबाट तोकिएको मूल्य र सुविधामध्ये मूल्यमा छुट वा सुविधामा थप हुन सक्ने विवरण सहितको आर्थिक प्रस्ताव माग गर्नुपर्ने व्यवस्था छ । साथै सार्वजनिक निकायले क्याटलग वा ब्रोशर विधिबाट खरिद गर्ने "उत्पादक वा अधिकृत विक्रेताद्वारा निर्धारित दरमा (क्याटलग सपिङ्ग) खरिद गर्ने कार्यविधि, २०७४" जारी भएको छ । पालिकाले उल्लेखित नियम तथा कार्यविधिको पालना नगरी कार्यालयलाई आवश्यक पर्ने मोनिटाउ 8448 मोडल नंबर ब्याकहो लोडर गो.भौ.नं. ३४।२०७८।०९।१५ मा किसान अर्थमुभर्स प्रा.लि., धनगढीबाट रु ५५,००,००० खर्च गरी खरिद गरेको देखियो । कानूनमा उल्लेखित व्यवस्थाको पालना नगरी सोझै मूल्य समेत नखुलेको ब्रोशर संलग्न गरी एकमुष्ठ कार्यालयले लागत अनुमान तयार गरी लोडर खरिद गरेकोले खर्च मितव्ययी तथा पारदर्शी भयो भन्न सक्ने अवस्था समेत देखिएन । कानूनमा उल्लेखित व्यवस्थाको पालना नगरी खरिद कार्य गरेको अनियमित देखिएको रु | ५,५००,००० |
| ७४ | | | **एकिकृत स्वास्थ्य पूर्वाधार ठे.नं. ५।०७७।७८**<br><br>कार्यालयले तयार गरेको कूल लागत अनुमान रु १४४२५१०१०।१७ र तुलनात्मक तालिकामा राखेको रु.१३९३४८६६६।८८ लागत अनुमानको १५ शैया अस्पतालको ठेक्का बिद्युतिय वोलपत्र माध्यमवाट ठेक्का व्यस्थापन गर्दा सर्वैभन्दा कम कवोल गर्ने पिएस रोयल जे. भी. ले कवोल गरेको रु. १३८६२५१४७। मा २०७८ चैत्रमा सम्झौता भई सम्झौताको २ वर्ष भित्र कार्य सम्पन्न गर्ने गरी भएको ठेक्का सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन् : | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| ७४.१ | | | **कार्यसम्पादन जमानत** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (४) बमोजिम जमानत दाखिला गर्दा बोलपत्रदाताले लागत अनुमानभन्दा पन्ध्र प्रतिशतसम्म कम अङ्क कबुल गरेमा कवुल अङ्कको पाँच प्रतिशत र लागत अनुमानको पन्ध्र प्रतिशतभन्दा बढी घटेर कवुल गरेको अवस्थामा पन्ध्र प्रतिशतभन्दा जति रकमले घटी कवुल गरेको छ सोको पचास प्रतिशतले हुन आउने रकम कवुल अङ्कको पाँच प्रतिशतमा थप गरी कार्यसम्पादन जमानत वापत दाखिला गर्नुपर्ने व्यवस्था छ । उल्लेखित निर्माण कार्यको सम्झौता अनुसार ६९३१२५७। र भेरिएसन पश्चात रु ७२९०३४६। जमानत आवश्यक पर्नेमा नेपाल बंगलादेश बैंकको जमानत NB014:PB459/2021 को रु ६६९५७६०। को मात्र जमानत पेश गरेकोले मान्य अवधि रहेको रु ५९४५८६। को थप जमानत जमानत पेश गर्नु पर्ने रु | ५९४,५८६ |
| ७४.२ | | | **भेरिएसन** - सार्वजनिक खरिद नियमावली, २०६४ को ११८(१) मा सम्झौता गर्दाका बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सो सम्झौता कार्यान्वयनको क्रममा सिर्जना भए प्रक्रिया पुरा गरी भेरिएसन आदेश जारी गर्न सक्ने व्यवस्था छ। उल्लेखित निर्माण कार्यको निर्माण कार्य गर्ने दौरानमा निर्माण स्थलको जमिन भिरालो भएकोले २० मिटर उचाई सम्मको माटो खन्नु परेको र उक्त स्थानमा माटो खस्ने समस्या भएकोले निर्माण कार्यमा बाधा पर्न गएको अवस्था सिर्जना भएको तथा बर्षातको समयमा धेरै पानी परेको अवस्थामा भवनमा क्षति हुने भएकोले मेशिनरी रिटेनिङ वाल लागाउनु पर्ने अवस्था सिर्जना भएको र उक्त कार्यको आईटम परिमाणमा सम्झौतामा उल्लेख नभएको भनी २०७८।१०।६ को टिप्पणी आदेशका आधारमा सुरु लागत अनुमान रु १३९३४८६६६।४६ मा १५४९०३६१४। अर्थात ११.१६ प्रतिशत र सुरु सम्झौता १३३९१५१४१।२९ मा रु १४५८०६९२९।९९ अर्थात ८.८८ प्रतिशतले रु ११८९१७८८।७० भेरिएसन गरेको छ । लागत अनुमानमा छुट भएको भनी भेरिएसन आदेश जारी गर्नु उपयुक्त देखिंदैन । लागत अनुमान तयार गर्ने पदाधिकारीलाई जिम्मेवार बनाई लागत अनुमान यथार्थपरक वनाउने तर्फ कार्यालयको ध्यान जानुपर्दछ । | |
| ७४.३ | | | **वीमा तथा प्रयोगशाला परीक्षण**- प्रोभिजनल सम आटममा रहेको बिमा र प्रयोगशाला परीक्षणको कार्य सम्झौताका सर्त अनुसार गरिनु पर्दछ । कार्यलयले उक्त निर्माण कार्यको लागि विल अफ क्वाण्टिटिको जनरल आईटममा विमा वापत रु ५२८९६२।४९। र प्रयोगशाला परीक्षण वापत रु १६००६४। राखकोमा दोस्रो रनिङ विलसम्मको रु ३८६७५६०९। भुक्तानी गर्दासम्म विमा र प्रयोगशाला परीक्षण भई भुक्तानी गरेको देखिएन । निर्माण समाग्री र निर्मित संरचनाको जोखिम न्यूनीकरण गर्न विमा र गुणस्तर सुनिश्चितता गर्न प्रयोगशाला परीक्षण गरिनु पर्दछ। | |
| ७४.४ | | | **कार्यप्रगति** — निर्माण व्यवसायीले सम्झौता गर्दाका बखत पेश गरेको निर्माण कार्यतालिका बमोजिम कार्य गर्नु पर्दछ । सम्झौता गर्दाका बखत २ बर्षभित्र कार्य सम्पन्न गर्ने गरि कार्यतालिका पेश गरेकोमा २०७९ असार मसान्तसम्मको अवधिमा ६६.६७ प्रतिशत समय व्यतित हुँदा २६.५३ प्रतिशत मात्र वित्तिय प्रगति भएको देखिएकोले निर्माण व्यवासयीले सम्झौतामा | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| | | | उल्लेख गरेको कार्यतालिका बमोजिम कार्य गरेको छैन । निर्माण व्यवसायीलाई ताकेता गरी सम्झौता अनुसारको कार्य समयमै सम्पन्न गराउने तर्फ कार्यालयको ध्यान जानुपर्दछ । | |
| ७५ | | | **सामाजिक सुरक्षा :** | |
| ७५.१ | | | सामाजिक सुरक्षातर्फ यस वर्ष रु.३,१६,८१,८३९।६९ खर्च भएको बैङ्क नगदी किताब र आर्थिक विवरणबाट देखिन्छ। सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा देखिएका ब्यहोरा देहाय बमोजिम रहेका छन् :<br>पारदर्शिता कायम नगरेकोः सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७५ को दफा ३३ मा आगामी आर्थिक वर्षमा भत्ता प्राप्त गर्नेहरुको विवरण सम्बन्धित वडा समितिहरुको सिफारिशका आधारमा स्थानिय तहको सभामा पेश गर्नुपर्ने, स्थानिय तहले संचालन गरेको कार्यक्रमको चौमासिक वा वार्षिक रुपमा समीक्षा गर्दा सामाजिक सुरक्षा कार्यक्रममा भएको निकासा तथा खर्चको पनि समीक्षा गर्नुपर्ने, सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको नाम नामेसी सम्बन्धित स्थानिय तहको वेवसाइटमा राख्नुपर्ने व्यवस्था गरेकोमा कार्यालयले उल्लेखित व्यवस्था परिपालना गरेको पाइएन । कार्यविधिमा उल्लेखित व्यवस्था परिपालन गरी सामाजिक सुरक्षा कार्यक्रमको पारदर्शिता प्रवर्द्धन गर्नुपर्दछ । | |
| ७५.२ | | | **बैङ्क मार्फत् बितरण नगरेकोः** सामाजिक सुरक्षा सञ्चालन कार्यविधी, २०७५ को दफा २२ मा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको स्वीकृति बिना हातहातै नगद वितरण गर्न नपाइने व्यवस्था छ । यस पालिकाले वडा नं. १, २ र ३ वडाका लाभग्राहीहरूलाई बैङ्क मार्फत् सामाजिक सुरक्षा वितरण गरेपनि वडा नं. ४, ५ र ६ मा नगद बितरण गरेको छ। कार्यविधि बमोजिम लाभग्राहीको बैंक खाता मार्फत भत्ता वितरण हुनुपर्दछ । | |
| ७५.३ | | | सामाजिक सुरक्षा सञ्चालन कार्यविधी, २०७५ को दफा २५ (क) सामाजिक सुरक्षा बापत निकासा प्राप्त रकम बैङ्कले लाभग्राहीको खातामा जम्मा भएको स्पष्ट देखिने गरी लाभग्राहीको नाम, बैङ्क खाता नम्बर र जम्मा भएको रकम सहितको विवरण अनुसुची-१३ बमोजिमको चौमासिक रुपमा सम्बन्धित स्थानीय निकायलाई विद्युतीय माध्यममा अनिवार्य रुपमा सम्बन्धित स्थानीय तहलाई पठाउनुपर्नेछ र यसै विवरणलाई रकम वितरणको भर्पाई मानिनेछ भन्ने व्यवस्था छ । पालिकाले वडा नं. ४, ५ र ६ मा वितरण गरेको सम्पुर्ण रकम हातहातै वितरण गरेकोले सो रकम वितरणको अनुसूची-१३ बमोजिमको विवरण प्राप्त भएन । पालिकाले कार्यविधीको पूर्ण पालना गरी सामाजिक सुरक्षा कार्यक्रमलाई पारदर्शी बनाउनुपर्दछ । | |
| ७५.४ | | | **लगत कट्टाको अभिलेख प्राप्त नभएकोः** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को दफा १२ मा मृत्यू भएमा, बसाइँ सरी गएमा, एकल वा विधवा महिलाले विवाह गरेमा, बालबालिकाको हकमा पाँच बर्ष (साठी महिना) उमेर पूरा भएमा, नवीकरण नगरेमा, एक आर्थिक बर्षको कुनै पनि किस्ता रकम नबुझेमा बा बैंक मार्फत वितरण भएकोमा लगातार एक | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | बर्षसम्म खाता निष्क्रिय भएमा वा अयोग्य व्यक्तिले भत्ता प्राप्त गरेको प्रमाणित भएमा त्यस्ता लाभग्राहीको नाम सम्बन्धित स्थानीय तहको मूल अभिलेखबाट कट्टा गर्नुपर्ने तथा लगत कट्टा गरिएको व्यहोरा अभिलेखमा स्पष्ट जनाई सम्बन्धित स्थानीय तहको वडाका सचिब वा निजले तोकेको जिम्मेवार पदाधिकारीले प्रमाणीत गर्नुपर्ने व्यवस्था छ । लेखापरीक्षण क्रममा मुल अभिलेख खाता, नवीकरकणको विवरण, नयाँ थप भएका लाभग्राहीको विवरण र आ.व. २०७८।७९ मा लगत कट्टाको विवरण माग भएकोमा उपलब्ध भएन । मुल अभिलेख खाता र लगत कट्टाको स्पष्ट अभिलेख प्राप्ट नभएकाले दफा १२ बमोजिम लगत कट्टा गर्नुपर्ने लाभग्राहीको लगत कट्टा भए नभएको र लगत कट्टा गर्नुपर्ने व्यक्तिलाई समेत भुक्तानी भएको छैन भनी यकिन गर्न सकिएन । यसमा सुधार गर्नुपर्दछ । | |
| ७५.५ | | | यस पालिकाले भौगोलिक कठिनाइको कारण देखाउँदै वडा नं. ४,५ र ६ का सामाजिक सुरक्षा प्राप्त गर्ने लाभग्राहीहरूलाई नगदै भत्ता वितरण गरी लाभग्राहीहरूले ल्याप्चे र दस्तखत गरेको भरपाइ पेस गरेको छ । वितरण भरपाइमा वडा सचिव र स्थानीय जन प्रतिनिधिले प्रमाणित गरेको समेत पाइएन । सामाजिक सुरक्षा भत्ता नगदै वितरण गरेको कारण खर्चको यथार्थ अवस्था यकिन गर्न सकिएन । | |
| ७६ | | | **स्थानीय तहका पदाधिकारी सुविधा -**<br><br>नेपालको संविधानको धारा २२७ मा गाँउ सभा तथा गाउँसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानूनबमोजिम हुने व्यवस्था अनुसार सुदुरपश्चिम प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ जारी गरेको छ । उक्त ऐनमा भएको ब्यवस्था अनुसार गाउँपालिकाबाट देहाय बमोजिम रु ६२९८५०० सुविधा वापत भुक्तानी भएको छ । | |

| सि.नं. | विवरण | अध्यक्ष | उपाध्यक्ष | वडाअध्यक्ष ६ जना | कार्यपालिका सदस्य ६ जना | सभाका सदस्य १९ जना | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | बैठक भत्ता | २४००० | २४००० | १४४००० | १४४००० | ७६००० | ४१२००० |
| २ | यातायात खर्च | १२००० | १०८००० | ७२००० | ७२००० | ४०००० | ४१२००० |
| ३ | टेलिफोन,मोबाइल | ७२००० | ६०००० | २५२००० | २१६००० | ४५६००० | १०५६००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | (table below) | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ४ | पुस्तक,पत्रीका, ईन्टरनेट | ६०००० | ५४००० | २८८००० | २१६००० | ४५६००० | १०७४००० |
| ५ | समन्वय तथा सहजीकरण | १०८०० | ८४००० | ४३२००० | ३६०००० | ६८४००० | १६८८००० |
| ६ | अतिथि सत्कार | १२००० | १०८००० | ५०४००० | ० | ० | ७३२००० |
| ७ | खानेपानी/बिजुली/सरसफाई | ४२००० | ३६००० | १४४००० | १४४००० | २२८००० | ५९४००० |
| ८ | चाडपर्व खर्च | २५००० | २२५०० | ९६००० | ५४००० | १३३००० | ३३०५०० |
| | जम्मा | ५७१०० | ४९६५०० | १९३२००० | १२०६००० | २०७३००० | ६२९८५०० |

७७ **पेश्कि बाँकी -** ५५,०४९

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५१ (४) मा फछ्र्यौट हुन बाँकी पेश्की रकमलाई अन्तिम लेखापरीक्षणको प्रतिवेदनमा समावेश गर्नुपर्दछ। कार्यालयले उपलब्ध गराएको पेश्की बाँकीको विवरण अनुसार आर्थिक वर्षको अन्त सम्म फछ्यौट हुन बाँकी रहेको निम्नानुसार पेश्की रकम नियमानुसार फछ्र्यौट गर्नुपर्नु रु

| सि नं | पेश्कि लिनेको नाम | प्रयोजन | म्याद ननाघेको पेश्की रकम रु | म्याद नाघेको पेश्की रकम रु |
|---|---|---|---|---|
| 1 | पूर्ण निर्माण सेवा प्रभात आधारभूत मा वि | मोबिलाईजेसन | १५९२०००।०० | ०।०० |
| 2 | न्याउली खानेपानी तथा सरसफाई योजना | जलश्रोत परियोजना | २६८६६।०० | ०।०० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>3</td><td>आगर स्टिल ट्रसपुल उपभोक्ता समिति</td><td>ओजेटोटुकी झो पु वार्ड २</td><td>३५३०००।००</td><td>०।००</td></tr>
<tr><td>4</td><td>WASHव्यवस्थापक रमाया बुढाथापा</td><td>क्षमता विकास</td><td>०।००</td><td>३३६२०।००</td></tr>
<tr><td>5</td><td>WASHव्यवस्थापक रण बहादुर वि क</td><td>क्षमता विकास</td><td>०।००</td><td>२१४२९।००</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td>१९७१८६६।००</td><td>५५०४९।००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>७८</td><td></td><td></td><td>लेखापरीक्षण पारिश्रमिक —<br><br>१९८।२०७९।१।२२ पालिका भित्रको विद्यालयको लेखापरीक्षण गर्न नेपाल सरकारले संघीय शसर्त अनुदान शिक्षातर्फको कार्यक्रममा प्रत्येक विद्यालयको खातामा निश्चित रकम निकासा गरेकमा पालिकाले समानिकरण चालु शिर्षकबाट समेत लेखापरीक्षण पारिश्रमिक रु ३०००००।०० जे वि थापा एण्ड एशोसिएट रजिष्टर्ड अडिटर्स बाजुरालाई खर्च लेखेकोले दोहोरो लेखापरीक्षण पारिश्रमिक भुक्तानी गरेको असुल हुनुपर्ने रु</td><td>३००,०००</td></tr>
<tr><td>७९</td><td></td><td></td><td>मूल्य अभिबृद्धि करमा दर्ता भएको -<br><br>पालिका भित्रको विद्यालयको लेखापरीक्षण गर्न लेखापरीक्षण पारिश्रमिक मूल्य अभिबृध्दि कर रु ३४५१३।२७ समेत रु ३०००००।०० जे वि थापा एण्ड एशोसिएट रजिष्टर्ड अडिटर्स बाजुरालाई भुक्तानी गरेकोमा निजले पेश गरेको कर विजक न ३०१४३५२३० मूल्य अभिबृध्दि करमा दर्ता भएको नदेखिएकोले मूल्य अभिबृध्दि कर रु ३४५१३।२७ असुल हुनुपर्ने रु</td><td>३४,५१३.२७</td></tr>
<tr><td>८०</td><td></td><td></td><td>अन्य खरिद -<br><br>स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७३ अनुसार प्रमुख प्रशासकिय अधिकृतले नियमितता, मितव्ययिता, कार्यदक्षता प्रभावकारिता र औचित्यतालाई विचार गर्नुपर्दछ । कार्यालयले खरिद गरेका स्मार्ट राइटिगं टेवल खरिद वापत स्मार्ट टिच</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| | | | लाई रु ४९४३७५.० र विकास निर्माण सम्वन्धी वृत्तचित्र तयार गर्दा सिलबन्दी दरभाउपत्र मार्फत श्री सुदर्शन समाज नेपालबाट रु १२०३४५०.० समेत रु १६९७८२५ को खरिद कार्य गरेको छ। खरिद गरेका स्मार्ट राइटिगं टेवल र वृत्तचित्रको प्रयोग र प्रशारण भएको देखिएन । खर्च गर्दा तत्काल आवश्यक पर्ने र दीर्घकालीन पुजी निर्माण गर्ने योजनामा खर्च गर्ने तर्फ प्राथमिकता दिनुपर्दछ । | |
| ८१ | | | **नीति तथा कार्यक्रम कार्यान्वयन**<br><br>पालिकाको नीति तथा कार्यक्रम कार्यान्वयन सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन् : | |
| ८१.१ | | | **स्थानीय सरकार सञ्चालन ऐन २०७४ को कार्यान्वयनः** स्थानीय सरकार सञ्चालन ऐन २०७४ अनुसार पालिकाले गर्नुपर्ने उल्लेख भएका कार्यहरु गरिएको हुनुपर्नेमा दफा ११, दफा २४ (४) अनुसारका देहायका कार्यहरु भएको देखिएन । अतः उक्त ऐनद्वारा गर्नुपर्ने कार्यहरु प्रभावकारी रुपमा गरिनु पर्ने देखिन्छ ।<br><br>• स्थानीय सेवाको व्यवस्थापन सम्बन्धी नीति,मापदण्ड,सेवा शर्त,योजना,कार्यान्वयन र नियमन नभएको,<br>• सार्वजनिक ऐलानी र पर्ती जग्गा, सार्वजनिक भवन,भौतिक पुर्वाधारको संरक्षण र सुरक्षा नभएको,<br>• अनधिकृत निर्माण तथा सार्वजनिकसम्पत्ति अतिक्रमण रोकथाम तथा नियन्त्रण नभएको<br>• आयोजनाको अध्ययन, अनुसन्धान तथा प्रभाव मूल्याङ्कन नभएको,<br>• मातृभाषा शिक्षा दिने विद्यालयको अनुमति अनुगमन, तथा नियमन नभएको,<br>• सामुदायिक विद्यालयको जग्गाको स्वामित्व, सम्पत्ति अभिलेख, संरक्षण र व्यवस्थापन नभएको,<br>• स्थानीय पुस्तकालय र वाचनालयको संचालन तथा व्यवस्थापन नभएको,<br>• स्थानीय अभिलेख व्यवस्थापन सम्बन्धी नीति, कानून, मापदण्ड, योजना निर्माण, कार्यान्वयन, अनुगमन र नियमन नभएको,<br>• स्थानीय चरन तथा खर्क विकास र व्यवस्थापन नभएको,<br>• जेष्ठ नागरिक, क्लब, दिवा सेवा केन्द्र, भेटघाट स्थल, अश्रय केन्द्रको संचालन तथा व्यवस्थापन नभएको,<br>• खानेपानी महशुल निर्धारण र खानेपानी सेवा व्यवस्थापन नगरेको,<br>• एक मेगावाटसम्मका जलविद्युत आयोजना सम्बन्धी स्थानीयस्तरको नीति, कानुन, मापदण्ड, योजना तर्जुमा नगरेको,<br>• स्थानीय तहमा वैकल्पिक उर्जा सम्बन्धी नीति, कानून, मापदण्ड, योजना तर्जुमा नगरेको,<br>• स्थानीय विद्युत वितरण प्रणाली र सेवाको व्यवस्थापन, संचालन, अनुगमन र नियमन नभएको, | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • स्थानीय तहमा वैकल्पिक उर्जा सम्बन्धी प्रविधि विकास र हस्तान्तरण, क्षमता अभिवृद्धि र प्रवर्द्धन नगरेको,<br>• खानेपानी, साना जलविद्युत आयोजना तथा वैकल्पिक उर्जा सम्बन्धी अन्य कार्य नभएको,<br>• जलाधार, वन्यजन्तु, खानी तथा खनिज पदार्थको संरक्षण सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड तयार नगरेको,<br>• सामुदायिक भुसंरक्षण र सोमा आधारित आय आर्जन कार्यक्रम नभएको,<br>• खानी तथा खनिज पदार्थ सम्बन्धी सूचना तथा तथ्याङ्क संकलन नभएको,<br>• बहुमुल्य धातु, पत्थर तथा खनिज पदार्थको संरक्षणा र सम्वर्द्धनमा सहयोग नगरेको<br>• आयुर्वेदिक, युनानी, आम्ची, होमियोप्याथिक, प्राकृतिक चिकित्सा लगायतका परम्परागत स्वास्थ्य उपचार सेवाको व्यवस्थापन नभएको,<br>• खानेपानी महशुल निर्धारण र खानेपानी सेवाको व्यवस्थापन नभएको,<br>• वातावरण, पर्यावरण तथा जैविक विविधता सम्बन्धी २६ वटा काम कर्तव्य रहेकोमा कुनै पनि कार्यान्वयन नभएको,<br>• व्यक्तिगत घट्नाको स्थानीय तथ्याङ्क सम्बन्धी नीति कानून ,मापदण्ड, योजना तर्जुमा नभएको,<br>• प्राकृतिक स्रोतबाट हुने रोयल्टी सम्बन्धी नीति, कानून, मापदण्ड तर्जुमा नभएको,<br>• यातायात व्यवस्थापन सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजना तर्जुमा नभएको,<br>• संघीय तथा प्रदेश कानूनको अधिनमा रही स्थानीयस्तरको भु उपयोग नीति, योजना कार्यक्रम तर्जुमा र कार्यान्वयन नभएको,<br>• संघीय तथा प्रदेशको मापदण्डको अधिनमा रही व्यवस्थित वस्ती विकासमा कार्यक्रमको तर्जुमा र कार्यान्वयन, एकीकृत वस्ती विकासका लागि जग्गाको<br>• एकीकरण तथा जग्गा र विकास व्यवस्थापन नगरेको,<br>• स्थानीयस्तरमा अव्यवस्थित बसोवास व्यवस्थापन नभएको,<br>• दफा २४ (४) पालिकाले आवधिक, वार्षिक, रणनीतिगत योजना बनाउँदा मध्यम तथा दीर्घकालिन प्रकृतिका आयोजनाहरुको सूची तयार नगरेको,<br>• दफा ८३ (७) पालिकाले संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा कुनै कार्य सम्पादन गर्न विशेषज्ञ सेवा आवश्यक पर्ने भई सेवा करारबाट कार्य सम्पादन गर्दा उपयुक्त र प्रभावकारी हुने देखेमा सेवा करारबाट त्यस्तो कार्य गर्न सक्ने उल्लेख गरेकोमा कार्यान्वयन नभएको<br><br>स्थानीय सरकार सञ्चालन ऐनद्वारा निर्देशित कार्य प्रभावकारी रुपमा गर्ने तर्फ पालिकाको ध्यान जानु पर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ८१.२ | | | **नीति तथा कार्यक्रम कार्यान्वनः** पालिकाको सभाले अधिवेशनमा प्रस्तुत गरेका २०७८।७९ को नीति तथा कार्यक्रमहरु मध्ये देहायका नीति कार्यान्वयन भएका छैनन ।<br><br>• गाउँपालिका भरी उत्पादित लघु जलबिधुत आयोजनाहरुलाइ एकिकृत मोडेलमा लगि बिधुत महशुल कर्मचारीको पारिश्रमिकलाइ पनि एकरुपता ल्याइने ।<br>• यसै आर्थिक बर्षको श्रावण महिना देखि लागु हुने गरी भवन आचार संहिता लागु गरिनेछ र व्यक्तिगत घर तथा सामुदायीक भवन निर्माण गर्दा अनिवार्य रुपमा पालिकाबाट<br>• नक्सा पास गराउनु पर्ने व्यवस्था लागु गरिने ।<br>• कक्षा ३ सम्म अनिवार्य अग्रेजी कक्षा लागु गरीने छ र कक्षा ३ सम्मका सबै शिक्षकहरुलाइ तालिमको ब्यवस्था दिलाइने ।<br>• भौगोलिक विकटता भएता पनि राष्ट्रीय मापदण्ड पुरा गरी विद्यार्थी सङ्ख्या कम भएका, सेवा क्षेत्र भित्रका शिक्षक दरबन्दी नभएका कम्तीमा ३० मिनेट दुरी नजिक हुन सक्ने विद्यलयहरु गाभिदै लगिने । गाभिएर जाने विधालयको भौतिक संरचना आवासिय तथा पुर्ण बालमैत्री बनाइदै लगिने ।<br>• ·हाल योगाभ्यासको महत्व बढ्दै गएको र योगलेमानिसलाइ स्वस्थ्य बनाउन सक्ने भएकाले विधालय स्तरबाटै योग शिक्षालाइ जोड्दै लगिने। प्रत्येक बिधालयमा योग प्रशिक्षक प्रशिक्षक तालिम प्रदान गरिने।<br>• वडा न ३ को गर्जे र वडा न १ को दुर्गालीमा प्रस्सुती सेवा सचालनका लागि आश्यक स्वास्थ्य सामाग्रीको व्यवस्था मिलाइने र त्यसका लागी सम्बन्धीत वडाको स्वास्थ्य सस्थाबाट कर्मचारी खटाइने ।<br>• कतिपय परम्परागत संस्कृतिहरुले यस पालिकाको पहिचान तथा शान बढाउने देखिन्छन र यीनको संरक्षण तथा प्रवर्द्धन आवश्यक देखिन्छ । यस प्रकारका पुराना परम्परागत हेन्डमेड सामाग्रीहरुको एउटा संग्रहालय तयार पारीने।<br>• छाडा पशु व्यवसायलाइ व्यवस्थीत गरिदै लगिनेछ भने पशु बिमालाइ अनिवार्य गरिनेछ ।<br>• भौगोलिक विकटता छरिएर रहेको बस्ती भिरालो जमिनलाइ ख्याल गर्दे कुनै पनि संरचनाहरु निर्माण गर्दा नक्सा पास गरि मात्र निर्माण गर्ने व्यवस्था मिलाइने ।<br>• पालिकामा एउटा रोजगार बैक स्थापना गरिने । जसमा सम्मपूर्ण रोजगार सिर्जना गर्ने खालका कामहरुलाइ एकै ठाँउमा एकिकृत गरिनेछन् र बेरोजगारहरुलाइ सुचिकृत गरि समावेशी तथा प्राथमिकिकरणका आधारमा काम दिइने। | • |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • न्याय निरुपण तथा पालिकाको अन्य कानुनी जटिलतालाइ सहज बनाउन कानुन अधिकृत व्यवस्थापन गरिने लगायतका नीति तथा कार्यक्रममा घषणा गरिएका नीति तथा कार्यक्रमहरु कार्यान्वयन भएको देखिएन । सभाले आफूसँग भएको श्रोत तथा जनशक्तिबाट कार्यान्वयन गर्न सकिने नीति तथा कार्यक्रममात्र घोषणा गर्ने र घोषित नीति तथा कार्यक्रम कार्यान्वयन गर्ने तर्फ ध्यान जानु पर्दछ । | |
| ८२ | | | **ग्रमीण खानेपानी तथा जलस्रोत**<br><br>ग्रमीण खानेपानी तथा जलस्रोत व्यवस्थापन आयोजना कार्यक्रम तर्फको लेखापरीक्षणवाट देखिएका व्यहोराहरु निम्नानुसार छन्ः | |
| ८२.१ | | | सहकारी मार्फत योजना कार्यान्वयन ; सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४६ मा जनचेतना सम्बन्धी तालिम, अभिमुखिकरण, सवलीकरण, मूल प्रवाहिकरण जस्ता कार्य गैरसरकारी संस्था मार्फत गर्न सकिने तथा निर्माण सम्बन्धी कार्य गैसस मार्फत गर्ने सम्बन्धमा ऐन तथा नियममा व्यवस्था गरेको छैन । ग्रामिण खानेपानी तथा जलश्रोत व्यवस्थापन आयोजना अन्तर्गत निम्नानुसार योजनाको निर्माण कार्य सहकारी संस्था मार्फत गराई भुक्तानी दिएको नियम सम्मत नदेखिएको रु | ९३६,२७१ |

| भौ नं मिति | योजनाको नाम | सहकारीको नाम | लागत अनुमान | सम्पन्न काम | भुक्तानी रकम |
|---|---|---|---|---|---|
| ६९-०७८।११।१८ | माटोको सुधारिएको २२७ वटा चुल्हो निर्माण | मिलेमतो बचत तथा ऋण सहकारी संस्था | १३०२०१३ | ११६६०७० | ४३७३९३ |
| ५८-०७८।११।१७ | सुधारिएको फलामे चुल्हो ३४ वटा | मिलेमतो बचत तथा ऋण सहकारी संस्था | ३१०६३६ | २८२६५२ | १०६०८२ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>८७-०७८।१२।२५</td><td>माटोको सुधारिएको २०० वटा चुल्हो निर्माण</td><td>मानाकोट लेकाली बहुउद्देश्यिय संस्था</td><td>१३२४९९२।७५</td><td>१०१९८९४।५०</td><td>३९२७९६</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td></td><td></td><td>९३६२७१</td></tr>
</table>
उल्लेखित योजना सम्बन्धमा देखिएका थप व्यहोराहरु निम्नानुसार छन्<br>
क) नगद सहभागिता — लागत अनुमान तयार गर्दा २२७ चुल्हो निर्माणको लागि उपभोक्ताले रु ७६०४५। र २०० चुल्होको लागि ६७०००। का दरले व्यहोर्नु पर्नेमा सो भन्दा बढी रकम उठाएकोमा आयोजनाले कुनै व्यहोरा उल्लेख गरेको छैन भने बढी रकम सम्बन्धित उपभोक्तालाई फिर्ता समेत गरेको नदेखिएकोले सहकारीले बढी उठाएको रकम सम्बन्धितलाई फिर्ता गर्नुपर्दछ ।<br><br>
ख) सहकारी मार्फत योजना कार्यान्वयन गर्दा उपभोक्ता, नेपाल सरकार र गाउँपालिकाको मात्र लागत सहभागिता रहने गरी लागत अनुमान तयार गरेको र योजनाको कार्यसम्पन्न पश्चात पनि सोही अनुसार भुक्तानी भएको छ । सहकारीले कार्यान्वयन गरेको योजनामा सहकारीको लागत सहभागिता देखिएन । सम्झौता गरी कार्यान्वयन गर्ने पक्षको लागत सहभागित नहुनु उचित देखिएन ।
</td><td></td></tr>
<tr><td>८२.२</td><td></td><td></td><td>बढि भुक्तानी: आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(१०) अनुसार सरकारी रकम खर्च लेख्दा चेकजाँच गरी रित पुगे नपुगेको एकिन गरेर मात्र खर्च लेख्नुपर्ने व्यवस्था छ । कार्यालयले गो.भौ.नं. ८४-०७८-११-१७९(गा.पा. पुँजीगत) मा नाउली खानेपानी आयोजना लाई प्राबिधिक प्रतिबेदन अनुसार रु. २१७७५१। भुक्तानी गर्न सिफारिश गरेकोमा रु. २२७७५१। भुक्तानी गरेकोले बिल भन्दा बढि भुक्तानी भएको रकम रु. १००००। सम्बन्धित बाट असुल गर्नुपर्ने रु.</td><td>१०,०००</td></tr>
<tr><td>८२.३</td><td></td><td></td><td>गुणस्तर परीक्षण र नियन्त्रण: सार्वजनिक खरिद ऐन २०६३ को दफा ६३ (१) को खण्ड (ग) र सो को नियमावलीको नियम १११(१) को खण्ड (ङ) मा निर्माण कार्यको गुणस्तर परीक्षण र नियन्त्रणको व्यवस्था छ । संझौताका दफाहरुले गुणस्तर माथी कार्यालय प्रमुखको प्रत्यक्ष नियन्त्रण रहने व्यवस्था गरेको छ । ग्रामिण खानेपानी तथा जलश्रोत व्यवस्थापन आयोजना अन्तर्गत लागत अनुमान रु ५६४७७३३।७० रहेको बुढीगंगा तटवन्धन निर्माण र रु ६०८९३७६।३४ रहेको सियाढुङ्गा तटवन्धनको लागत अनुमान तयार गर्दा supply, placing in position and filling with stone machine mad heavy</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | coated Gi wire क्रमश ६४५ र ७५० घमीको लागत अनुमान तयार गरी सोही अनुसार खरिद र ढुङ्गा भरेको देखाई क्रमश ५७३२३४९। र ६१७२३७७। को कार्य मूल्यांकन गरी ४८/४८ लाख भुक्तानी दिएको छ । उपभोक्ता समिति मार्फत भएको उक्त तटवन्धन निर्माण कार्यको लागि दुवै उपभोक्ता समितिले दुर्गा ट्रेडर्सवाट क्रमश १४५१३७२।२९ र १६४०६६९।६८ को जाली खरिद गरेको बिल राखि भुक्तानी दिएकोमा खरिद विलमा हेभी कोटेड भए नभएको उल्लेख नगरी केवल तारजाली उल्लेख भएको विलको आधारमा भुक्तानी दिएको छ । कार्यालयले लागत अनुमानमा उल्लेख गरेको स्पेशिफिकेशन अनुसारको ग्याविन जालि प्रयोग भए नभएको तथा प्रयोगशाला परीक्षण समेत नगरी भुक्तानी दिएकोले निर्मित संरचना गुणस्तरीय छ भनी आश्वस्त हुन सकिएन । गुणस्तर सुनिश्चित गरेर मात्र भुक्तानी दिनु पर्दछ । | |
| ८२.४ | | | **सुधारिएको पानी घट्ट**- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ (२) मा योजना तर्जुमाको आधार तय गरेको छ। कार्यालयले कार्यक्रम तर्जुमा गर्दा सोही आधारलाई मध्यनजर गरी कार्यक्रम तयार गरी कार्यान्वयन गर्नुपर्दछ । कार्यालयले योजना कार्यान्वयन गर्दा व्यक्तिलाई फाईदा पुग्ने गरी ७ वटा सुधारिएको घट्टको लागि नेपाल सरकार, गाउँपालिका र उपभोक्ता समितिको सहभागिता रहने गरी रु २५७७१९३। को लागत अनुमान तयार गरी योजना कार्यान्वयन गरी रु २४३२३६३।८९ को कार्यसम्पन्न प्रतिवेदनको आधारमा भौ.नं. ५२ र ६५ बाट रु ५९१३०७। खर्च लेखेको छ । उक्त सुधारिएको घट्ट ७ जना व्यक्ति मार्फत सञ्चालन हुने हुँदा व्यक्तिको खरिद गर्न सक्ने क्षमतालाई समेत मध्येनजर नराखेको, वितरित सामानको दिगो उपयोगको व्यवस्था नमिलाएको तथा नेपाल सरकार तथा गाउँपालिकाको खर्च बाट निर्माण भएको घट्टवाट स्थानीय समूहले पाउने लाभ उपयोगमा तिर्नु पर्ने शुल्क तथा संचालनको मोडालिटि तयार नगरी निश्चित व्यक्तिलाई फाईदा हुने गरी योजना कार्यान्वयन गरेको उचित देखिएन । | |